का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ वैशाख २०८२,
सोमबार
5 May, 2025
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न



# विषादी परीक्षणमा अलमल



सरकारले विषादी परीक्षण कार्ययोजना ल्याएको छैन । तथापि, यस वर्ष नीति तथा कार्यक्रममा भने समेटिएको छ । यसलाई केही सकारात्मक रूपमा लिन सकिन्छ

**● ज्योति बानियाँ**
**वरिष्ठ अधिवक्ता तथा उपभोक्ता अधिकारकर्मी**

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २१ वैशाख ।

तरकारी र फलफूलको विषादी परीक्षण कार्ययोजना ल्याउन र त्यसलाई लागू गरेर २ महिनाभित्र त्यसको प्रतिवेदन पेस गर्न सरकारलाई सर्वोच्च अदालतले परमादेश दिएको २ वर्षभन्दा बढी भयो । तर, अझैसम्म सरकारले कार्ययोजना ल्याएको र लागू गरेको जानकारी गराएको छैन ।

सर्वोच्चका तत्कालीन न्यायाधीशद्वय सुष्मालता माथेमा र नहकुल सुवेदीको इजलासले ३ वैशाख २०८० मा २ महिनाभित्र भारतलगायतका देशबाट आउने तरकारी र फलफूलको विषादी परीक्षण कार्ययोजना ल्याउन र कार्यान्वयन गरेर त्यसको प्रतिवेदन पेस गर्न परमादेश जारी गरेको थियो ।

उपभोक्ता हित संरक्षण मञ्चका तर्फबाट वरिष्ठ अधिवक्ता ज्योति बानियाँ र अधिवक्ताहरू जयप्रसाद पौडेल, कुमारी खरेल र विष्णुप्रसाद तिमल्सिनाले दायर गरेको रिटमा सुनुवाइ गर्दै सर्वोच्चले ४ बुँदे निर्देशन सरकारका नाममा जारी गरेको थियो । त्यसको कार्यान्वयन २ वर्षसम्म हुन नसकेको हो ।

> नेपालमा पैठारी हुने तरकारी तथा फलफूलमा प्रयोग हुने सबै किसिमका विषादी परीक्षण मापदण्ड अनुसार बिन्दुमा नै गरेर मात्र पैठारी गर्न सर्वोच्च अदालतको परमादेश छ । यसको कार्यान्वयन हुन नसकेको हो

'विषादीको प्रयोगलाई व्यवस्थित गर्नेसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन एवं मापदण्डको प्रभावकारी कार्यान्वयन गर्न के कस्तो योजना बनेको छ ? कुनै योजना बनेको भए सो योजना कार्यान्वयनका लागि के कस्तो तयारी भएको छ ?

अदालतको आदेशमा भनिएको छ, 'योजना नबनेको भए आमउपभोक्ताले विषादी परीक्षण नगरी पैठारी गरिएका र अनियन्त्रित मात्रामा विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल खान पृष्ठ २ मा

# दबाब झेल्दै मौन देउवा



यो सरकारले जनताको विश्वास गुमाइसकेको छ, देउवाजीले प्रधानमन्त्रीका लागि १४ महिना कुर्नु पर्दैन हामी सरकार बाहिर बसेर पनि प्रधानमन्त्रीमा सहयोग गर्न तयार छौं

**पुष्पकमल दाहाल 'प्रचण्ड'**
**पूर्वप्रधानमन्त्री**



प्रतिस्पर्धीसँग सहकार्य गरेर संगठन बन्दैन, कांग्रेस र एमालेले सरकार बाहिरको राजनीतिक संयन्त्र बनाएको छ । यो कुनै लोकतान्त्रिक मुलुकमा छैन

**शेखर कोइराला**
**नेता, नेपाली कांग्रेस**



हामी चाहन्थ्यौं प्रधानमन्त्रीले युद्धस्तरमा काम गर्नोस्, तर, बिँड ताल्ने, ताप्के नताल्ने गरेको छ । उहाँ उत्सवको मुडमा घुमीघुमी हिँडनुभएको छ ।

**गगन थापा**
महामन्त्री, नेपाली कांग्रेस

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, २१ वैशाख ।

देशको सबैभन्दा ठूलो प्रजातान्त्रिक पार्टी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा चौतर्फी दबाबको घेराबन्दीमा परे पनि चुपचाप बसेका छन् । पार्टीको आन्तरिक राजनीतिक किचलो, सरकारप्रति बढ्दै गएको वितृष्णाको शृंखलादेखि प्रतिपक्षी दलबाट निरन्तर भइरहेका उछाल्ने प्रयासबाट समेत बिचलित नभई देउवा मौन बसेका हुन् ।

प्रधानमन्त्रीको कुर्सीमा ७ पटक पुगेर सबैभन्दा बढी प्रधानमन्त्री बन्ने सूचीमा नाम लेखाउने आशासहित राजनीतिलाई पाको ढंगले हाँक्दै आएका देउवा प्रायः औपचारिक भाषणमा बाहेक बोल्दैनन् । यसको मतलब धेरैलाई देउवाले मिलाएर बोल्न जान्दैनन् भन्ने भ्रम पनि छ । उनी ५ पटक प्रधानमन्त्री भईसकेका छन् ।

तर, उनले समकालीन नेताहरूका तुलनामा परिपक्व राजनीति गर्दै सम्भव हुने कुरालाई मात्र सार्वजनिक गर्ने नेताको पहिचान बनाएका छन् । योसँगै देउवाले आन्तरिक र अन्तरपार्टी राजनीतिमा कतिपय कुराहरू 'रिजर्भ' राख्ने गरेका छन् ।

सार्वजनिक भाषणमा समेत अत्यन्त छोटो समयमा आफ्ना कुरा सक्ने देउवाले राजनीतिक सहयोगमा दिएको बचनवद्धतामा पृष्ठ २ मा



## ■ गगनको टिप्पणी

वर्तमान सरकार निर्माणमा सबैभन्दा सहयोगी भूमिकामा देखिएका महामन्त्री गगन थापाले यो सरकारलाई केही समयअघि टचाक्टरको संज्ञा दिँदै सही बाटो हिँड्न नसकेको टिप्पणी गरेका थिए । पछिल्लो पटक आइतबार थापाले प्रधानमन्त्री ओलीको कार्यशैलीलाई 'उत्सवको मुडमा घुमीघुमी पृष्ठ २ मा

## ■ शेखरको सधैं कचकच

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले पार्टी नेतृत्व र सरकारको गतिविधिप्रति निरन्तर असहमतिको आवाज उठाइरहेका छन् । नेता कोइरालाले सरकारमा गएका मन्त्रीहरूबाहेक अरू कसैले एमालेसँग सहकार्य गर्न आवश्यक नरहेको भन्दै सरकारको तीव्र आलोचना गरिरहँदा पृष्ठ २ मा

## ■ प्रचण्डको छटपटी

प्रमुख प्रतिपक्षी दलका नेता एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सत्ताबाहिर पुगेपछि चरम छटपटीमा छन् । सोही छटपटीलाई मेटाउन प्रचण्डले कांग्रेस सभापति देउवालाई प्रधानमन्त्रीका लागि १४ महिना नकुर्न सुझाव दिँदै आएका छन् । वर्तमान केपी ओली नेतृत्वको सरकार पृष्ठ २ मा

# एनआरएनएमा २ अध्यक्ष

**निमिष झा / मध्यान्ह**
काठमाडौं, २१ वैशाख ।

गैरआवासीय नेपाली संघ (एनआरएनए)को उच्चस्तरीय समितिले 'एकता महाधिवेशन'मार्फत महेश श्रेष्ठलाई अध्यक्षमा चयन गरेसँगै एनआरएनएमा २ अध्यक्ष भएका छन् ।

११औं महाधिवेशनबाट अध्यक्ष बनेका डा. बद्री केसीले अध्यक्षकै भूमिकामा बालुवाटारस्थित केन्द्रीय कार्यालयबाट सचिवालय संचालन गर्दै आएका छन् ।

तर, पूर्वअध्यक्ष डा. शेष घले नेतृत्वको उच्चस्तरीय समितिले आयोजना गरेको 'एकता महाधिवेशन'ले श्रेष्ठलाई सर्वसम्मत रूपमा अध्यक्षमा चयन गरेको हो ।

घले नेतृत्वको उच्चस्तरीय समितिले गरेको 'एकता महाधिवेशन'ले नयाँ नेतृत्व चयन गरेसँगै एनआरएनए औपचारिक रूपमा फुटेको छ ।




बौद्धस्थित हायात होटलमा भएको 'एकता महाधिवेशन'लाई परराष्ट्रमन्त्री डा. आरजु राणाले उद्घाटन गरेकी थिइन् ।

घले पक्षको 'एकता महाधिवेशन' रोक्न माग गर्दै परराष्ट्र मन्त्रालयले सर्वोच्च अदालतमा निवेदन दिएको थियो । मन्त्रीस्तरीय निर्णयअनुसार परराष्ट्र मन्त्रालयका कानुन उपसचिव पुष्करराज नेपालले महान्यायाधिवक्ताको कार्यालयलाई पत्र लेखेर 'एकता महाधिवेशन' ४ कात्तिकमा सार्न भनेका थिए ।

तर, मन्त्रालयलले जुन महाधिवेशन सार्न सर्वोच्चलाई पत्र लेखेको थियो, त्यही महाधिवेशनको परराष्ट्रमन्त्री राणाले उद्घाटन पृष्ठ २ मा

## ■ केसी पक्षको छुट्टै महाधिवेशन

'एकता महाधिवेशन'को अघिल्लो दिन शुक्रबार केसीले विज्ञप्ति जारी गरी यस महाधिवेशनमा आफ्नो कुनै संलग्नता नरहेको बताएका थिए । पृष्ठ २ मा

## ■ मन्त्रीको चासो

'एकता महाधिवेशन'को उद्घाटन गर्दै मन्त्री राणाले एउटै एनआरएनए बनाउन आग्रह गरेकी थिइन् । तर, उनको स्वार्थ भने नेपाली कांग्रेस निकट पृष्ठ २ मा

## ■ विवादको शृंखला

'एकता महाअधिवेशन' नजिकिँदै जाँदा अध्यक्ष केसीले १२ वैशाखमा 'एकता महाअधिवेशन' रोक्न माग गर्दै रिट दायर गरेका थिए । तर, उक्त रिट ६ पटकसम्म हेर्न नमिल्नेमा परेको छ । एनआरएनएमा पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### गैरआवासीय नेपाली संघको घोषणापत्र

# मध्यपूर्वमा कार्यरत नेपाली श्रमिकको समस्या समाधान प्राथमिकतामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ वैशाख ।

गैरआवासीय नेपाली संघ (एनआरएनए)को नयाँ कार्यसमितिले अन्य समस्याहरूसँगै मध्यपूर्वमा कार्यरत नेपाली श्रमिकको समस्या समाधानलाई पनि प्राथमिकतामा राखेको छ । आइतबार सम्पन्न एकताको महाधिवेशनमा जारी ६ बुँदे काठमाडौं घोषणापत्रमा मध्यपूर्वमा कार्यरत नेपाली श्रमिकको समस्या समाधानलाई पनि मुख्य जोड दिइएको छ ।

काठमाडौं घोषणापत्रको बुँदा नं. ३ मा भनिएको छ, 'यो महाधिवेशनले मध्यपूर्वमा कार्यरत नेपाली श्रमिक दाजुभाइ दिदीबहिनीका यावत् समस्या र त्यहाँ अज्ञानतावश जेलमा रहेका नेपालीहरूलाई स्वदेश फर्काउन नेपाल सरकारसँग समन्वय गरी सक्दो पहल गर्ने प्रतिबद्धता जनाइएको छ ।'

गैरआवासीय नागरिकताको समस्या समाधान, विदेशमा रहेका नेपालीको मतदानको अधिकारको सुनिश्चितता, भूतपूर्व ब्रिटिश गोर्खाको पेन्सन समस्यालगायतका विषय तत्कालै समाधानका लागि नेपाल सरकारको ध्यानाकर्षण गरिने घोषणापत्रमा समेटिएको छ ।

आइतबार सम्पन्न महाधिवेशनले जापानबाट प्रतिनिधित्व गर्ने महेशकुमार श्रेष्ठको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ । बद्री केसी पक्ष पृष्ठ २ मा

### 'श्रम संसार' पोर्टलमार्फत रोजगारीलाई प्रवर्द्धन गरिने

**काठमाडौं / मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले 'श्रम संसार' पोर्टलमार्फत आन्तरिक र वैदेशिक रोजगारीलाई प्रवर्धन गरिने बताएका छन् । विश्व मजदुर दिवसका अवसरमा मन्त्रालयले उक्त पोर्टल सार्वजनिक गरेको हो ।

आइतबार काठमाडौंमा ग्रील तथा स्टील व्यवसायी महासंघको ३०औं स्थापना दिवसका अवसरमा आयोजित पृष्ठ २ मा

# विकल पौडेललाई २ वर्ष कैद

### १३ करोड ५८ लाख जरिमाना

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २१ वैशाख ।

सुरक्षण मुद्रण (सेक्युरिटी प्रेस) खरिदमा अनियमितता गरेको भन्दै विशेष अदालतले सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल, म्याक्स इन्टरनेसनल प्रा. लि. र कम्पनीका सीईओ अकबर हुसेनलाई दोषी ठहर गरेको छ ।

सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक पौडेललाई प्रिन्टिङ मेसिन खरिद गर्दा भ्रष्टाचार गरेको कसुरमा विशेष अदालतले २ वर्ष कैद र १३ करोड ५८ लाख ५२ हजार ५८० रुपैयाँ जरिमानाको सजाय सुनाएको छ ।



विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्यहरू तेजनारायणसिंह राई र रामबहादुर थापाको इजलासले पौडेललाई आइतबार दोषी ठहर गर्दै सजाय निर्धारण गरेको हो । यस्तै, म्याक्स इन्टरनेसनल प्रा. लि.का सीईओ अकबर हुसेनलाई १ वर्ष ६ महिना कैद तोकेको छ ।

भ्रष्टाचार कसुरमा १ वर्ष ६ महिना र सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक भएर पदीय दुरुपयोग गरेको कसुरमा पौडेललाई थप ६ महिना कैदको सजाय तोकिएको हो ।

दोषी ठहर भएको म्याक्स इन्टरनेसनल प्रा. लि. भने कानुनी व्यक्ति मात्र भएकाले अदालतले कैद तोकेन । तर, कम्पनीबाट बिगो असुल गर्न भने आदेश दिएको छ ।

अदालतले बदनियतपूर्वक खरिद प्रक्रियामा संलग्न भई नेपाल सरकारलाई ४० करोड ७५ लाख ५७ हजार ७४० रुपैयाँ हानि नोक्सानी पुऱ्याएको ठहर गरेको छ । त्यहीअनुसार दोषी ठहर भएका तीनै पक्षलाई पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२२ वैशाख २०८२ सोमबार
5 May 2025, Monday

## प्रिसा साह मृत्यु प्रकरण

# निष्पक्ष छानबिन गरी उचित न्याय दिन सरकारलाई निर्देशन

**काठमाडौं/मस**-राष्ट्रिय सभाले भारतको ओडिसास्थित कलिङ्गा इन्स्टिच्युट अफ इण्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) मा झुन्डिएको अवस्थामा मृत फेला परेकी प्रिसा साहको घटनाको निष्पक्ष छानबिन गरी उचित न्याय प्रदान गर्न सरकारलाई निर्देशन दिएको छ ।

आइतबारको राष्ट्रिय सभाको बैठकमा आकस्मिक र शुन्य समयमा उठाएका विषयमा सभाको गम्भीर ध्यानाकर्षण भएको राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहालले बताए ।

सर्लाहीको कविलासी नगरपालिका-८, कविलासी चोक निवासी श्यामप्रसाद साहकी २० वर्षीया छोरी प्रिसा बिहीबार



बेलुका कलिङ्गा इन्स्टिच्यूट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) मा झुन्डिएको अवस्थामा मृत फेला परेकी थिइन् । प्रिसा ओडिसाको उक्त कलेजमा कम्प्युटर साइन्स विषयमा सेकेन्ड सेमेस्टरमा अध्ययनरत थिइन् । उनले एउटै कलेजमा बारम्बार समान प्रकृतिका घटना घटिरहनु अत्यन्तै दुःखद् पक्ष भएको बताए ।

नेपाल र भारत दुवै देशले कुटनीतिक माध्यममार्फत यस्ता घटना दोहोरी रहनुपर्ने कारणको गहिराइमा गएर खोजी गर्न र आगामी दिनमा यस्ता घटना नघट्ने वातावरण बनाउन साथै यस घटनाको विषयमा निष्पक्ष रुपमा सत्यतथ्य छानविन गरी, यथार्थ अवस्था पहिचान गरी निज छात्रालाई उचित न्याय प्रदान गर्न नेपाल सरकारको ध्यानाकर्षण गराए । उनले उक्त कलेजमा अध्ययनरत नेपाली छात्रछात्राले सुरक्षित र निर्भिकताकासाथ अध्ययन गर्ने वातावरण बनाउन पनि सरकारलाई आग्रह गरे ।

# स्रोत नखुलेको ९५ लाखसहित ४ जना पक्राउ

**काठमाडौं/मस**-काठमाडौंबाट प्रहरीले स्रोत नखुलेको ९५ लाख रुपैयाँसहित ४ जनालाई पक्राउ गरेको छ । काठमाडौं महानगरपालिका-९ पिंगलास्थानस्थित पशुपति भिजन अगाडिको सडकबाट चार जनालाई आइतबार दिउँसो ४ बजे पक्राउ गरिएको जिल्ला प्रहरी परिसर, काठमाडौंले जनाएको छ । दुईवटा मोटरसाइकलमा सवार उनहरूलाई शंकास्पद अवस्थामा देखेपछि प्रहरीले खानतलासी गरेको थियो । सो ९५ लाख सत्र हजार पाँच सय



रुपैयाँ रकम फेला परेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेहरू काठमाडौंको तार्केश्वर नगरपालिका-३ फेदी घर भएका २९ वर्षीय समुन्द्र जमकट्टेल, सप्तरीको सप्तकोशी नगरपालिका-१ का ४३ वर्षीय गणेश राई, लमजुङको दोदी गाउँपालिका-३ का ३१ वर्षीय सन्तोष गुरुङ र लमजुङको दोदी गाउँपालिका-३ कै ३९ वर्षीय सन्तोष घिमिरे रहेका छन् । उनीहरूबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# चौथो एसियन बुद्धिस्ट सांस्कृतिक महोत्वस सम्पन्न

**काठमाडौं/मस**-चौथो एशियन बुद्धिस्ट सांस्कृति महोत्वस २०२५ विभिन्न कार्यक्रमका साथ सम्पन्न भएको छ ।

महोत्सवमा बौद्ध धर्मका विभिन्न धार्मिक अनुष्ठान र प्रवचन र विभिन्न कार्यक्रमसहित सम्पन्न भएको हो । बुद्ध धर्मका प्रवर्तक सिद्धार्थ गौतमको जन्मस्थल लुम्बिनीमा आयोजित चौथो एसियाली बौद्ध सांस्कृतिक महोत्सव तीन दिनसम्म चलेको थियो ।

महोत्सवले विश्वभरका बौद्ध धर्म अनुयायीहरू, विद्वानहरू, युवाहरु र संस्कृति अनुरागीहरूको ऐतिहासिक सहभागिता देखाउँदै लुम्बिनीलाई अन्तर्राष्ट्रिय बौद्ध दर्शन, अध्यात्म र शान्तिको केन्द्रका रूपमा अझ सुदृढ बनाएको बताइएको छ ।

प्रधानमन्त्री केपी ओलीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पर्यटनमन्त्री, प्रदेशका मुख्य मन्त्री लगायत अतिथिहरुको सहभागिता रहेको थियो ।

महोत्सवमा ५० भन्दा बढी देशका प्रतिनिधि सहभागी भएका थिए । महोत्सवको शुभारम्भ लुम्बिनी विकास कोषका उपाध्यक्ष




ल्यारक्याल लामाको अध्यक्षतामा भएको थियो । महोत्सव बौद्धदर्शन र संस्कृतिको प्रवर्द्धन गरी विश्वमा शान्ति, सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले सारिपुत्र फाउण्डेशनको आयोजनामा नेपाल सरकार लुम्बिनी विकास कोष,चाइनिज कल्चर प्रोमोशन सोसाइटी,लुम्बिनी विश्व विद्यालय,वर्ल्ड एलायन्स फर बुद्धिस्ट कल्चरल एक्सचेन्ज लिमिटेड र वुजोउ पीस कलिग्राफी एण्ड पेन्टिङ एकेडेमी सस्थाहरुको सहकार्यमा सम्पन्न भएको हो ।

सारीपुत्र फाउण्डेशनका अध्यक्ष भन्ते सुमंगलोका अनुसार यो महोत्सवको आयोजना सन् २०११ मा पहिलो पटक क्याम्बोडियाबाट सुरू भएको थियो ।

त्यसयता श्रीलंका, थाइल्याण्ड हुँदै यसपटक नेपालको लुम्बिनीमा चौथो संस्करण सम्पन्न भएको हो । यस आयोजनाले लुम्बिनीको मात्र नभइ रामग्राम, मधुवन र विशेष गरेर तिलौराकोटको अन्तर्राष्ट्रिय स्तरमा उच्च तहमा प्रचार हुन सहयोग पुगेको उनले बताए । यसका साथै स्थानीय पर्यटन र आर्थिक विकासमा समेत टेवा पुगेको र पुर्‍याउने अपेक्षा गरिएको उनले बताए ।

यसैगरी उक्त महोत्सवले आध्यात्मिक एवं सांस्कृतिक प्रभाव मात्र नभइ, विश्व समुदायमा नै करुणा, सहिष्णुता र शान्तिको सन्देश दिने एउटा उदाहरणीय प्रयास भएको पनि उनले बताए ।

## विषादी...

बाध्य हुनुपर्ने अवस्थाको अन्त्य गरी जनस्वास्थ्य र वातावरणमा गुणात्मक सुधार ल्याउन गर्नुपर्ने निर्णय तथा क्रियाकलापको सूचीसहित सम्बन्धित जिम्मेवार अधिकारीसमेत तोक्नुपर्ने देखिन्छ ।'

अदालतले आदेशमार्फत मानवको जीउ-ज्यान तथा स्वास्थ्य र वातावरणमा हानि पुर्‍याउने विषादीयुक्त वस्तुको विक्री वितरणबाट सुरक्षित हुन पाउने नेपाली नागरिकको मौलिक हकको संरक्षणको सुनिश्चितता स्मरण गराएको थियो ।

नेपालमा पैठारी हुने तरकारी तथा फलफूल विषादी परीक्षण गरेर मात्र पैठारी गर्ने सन्दर्भमा के कस्तो योजना तथा मापदण्ड बनी के कसरी कार्यान्वयन भएको छ भनेर सरकारलाई प्रश्न गरिएको थियो । अदालतले योजना कार्यान्वयनमा के कति प्रगति भएको छ भन्ने प्रश्न गर्दै त्यसको जवाफ पेस गर्न आदेश दिएको थियो ।

'स्पष्ट र कार्यान्वयनयोग्य कार्ययोजना बनाई यो आदेश प्राप्त भएको मितिले २ महिनाभित्र अन्य विपक्षी एवं सरोकारवालाहरूसँग समेत आवश्यक समन्वय गर्नू...', आदेशमा भनिएको छ, 'प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवबाट प्रतिवेदन लिनू भनी निरन्तर परमादेशको आदेश जारी गरिएको छ ।' तर, यस्तो आदेशको कार्यान्वयन २ वर्षसम्मसमेत हुन नसकेको हो ।

सर्वोच्च अदालतले त्यसबेला ४ बुँदे आदेशमा प्रस्टसँग विषादी परीक्षण भन्सार बिन्दुमै गर्न भनेको थियो । नेपालमा पैठारी हुने तरकारी तथा फलफूलमा प्रयोग हुने सबै किसिमका विषादी परीक्षण भन्सार बिन्दुमा नै गरेर मात्र पैठारी गर्नेसम्बन्धी निर्णय कार्यान्वयन गर्न भन्सार बिन्दुहरूमा प्रयोगशाला स्थापना गर्न आदेश भएको थियो ।

त्यसरी स्थापित प्रयोगशालामा सबै किसिमको विषादी परीक्षण हुन सक्ने अन्तर र्ाष्ट्रिय स्तरको आधुनिक उपकरण र दक्ष जनशक्ति उपलब्ध गराउन भनिएको थियो ।

देशभित्र उत्पादन हुने तरकारी तथा फलफूलमा प्रयोग हुने विषादीको सीमा निर्धारण र प्रयोगसम्बन्धी कार्यविधि तथा मापदण्ड तय गर्न आदेश भएको थियो । त्यसरी निर्धारित मापदण्डको पालना भए नभएको परीक्षण तथा अनुगमन गर्न आदेश भएको छ । तर, यी आदेशको २ वर्षसम्म कार्यान्वयन हुन नसकेको हो ।

यो मुद्दाको फैसलाको पूर्ण पाठ पनि आउन सकेको छैन । एकातिर सरकारले अदालतको आदेशअनुसार विषादी परीक्षण नीति अवलम्बन गरिरहेको छैन । अर्कातिर, अदालतबाट समेत पूर्ण पाठ सार्वजनिक भएको छैन । सरकारले भने नीति तथा कार्यक्रममा यो विषयलाई केही सम्बोधन गरेको छ ।

सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम ल्याएको छ, जहाँ विषादी परीक्षणको विषयसमेत परेको छ ।

'रसायन तथा विषादीको आयात तथा प्रयोगलाई नियमन गरी यसको अधिक प्रयोगबाट मानव स्वास्थ्यमा पर्ने असर तथा जैविक विविधतामा आउने हासको जोखिम न्यूनीकरण गरिने छ । जैविक विषादीको उपयोगलाई प्रोत्साहन गरिने छ', नीति तथा कार्यक्रमको बुँदा नम्बर १७ मा भनिएको छ ।

यसका साथै, 'कृषि, पशुपक्षी र खाद्य प्रयोगशालाहरूको विद्यमान प्रत्ययनको दायरालाई विस्तार गरी अन्तर्राष्ट्रिय प्रत्ययनयुक्त प्रयोगशालामा स्तरोन्नति गरिने' विषय पनि नीति तथा कार्यक्रममा आएको छ ।

उपभोक्ता अधिकारकर्मी ज्योति बानियाँ विषादी परीक्षणको विषय नीति तथा कार्यक्रममा पर्नु सकारात्मक रहेको बताउँछन् ।

'सरकारले विषादी परीक्षण कार्ययोजना ल्याएको छैन । तथापि, यसवर्ष नीति तथा कार्यक्रममा भने समेटिएको छ । यसलाई केही सकारात्मक रुपमा लिन सकिन्छ ।'

यससम्बन्धी मुद्दामा अदालतबाट पूर्ण पाठ पनि आउन बाँकी रहेको उल्लेख गर्दै उपभोक्ता अधिकारकर्मी बानियाँ अदालतको पूर्ण पाठ आएपछि सरकारमाथि थप दबाब पर्ने बताउँछन् ।

## दबाब...

धोका दिनु हुन्न भन्ने मानक बनाएका छन् ।

यद्यपि, उनले आफू केन्द्रित राजनीतिलाई भने उमेरको उत्तरार्द्धमा समेत निरन्तरता दिएका छन् । सोहीअनुसार सत्ताको प्रमुख साझेदार बनेका देउवा सरकारको नेतृत्वकर्ता दल नेकपा एमाले र प्रधानमन्त्री केपी शर्मा ओलीप्रति नतमस्तक देखिएका छन् ।

प्रधानमन्त्री ओलीसँग भएको १७ असार २०८१ को सहमति कार्यान्वयन भए र वर्तमान सत्ता गठबन्धन कायमै रहे अबको १४ महिनाभित्र देउवाले प्रधानमन्त्रीको कुर्सी पाउने छन् । त्यसैका लागि देउवा प्रधानमन्त्री ओली र सरकारका मन्त्रीहरूका गतिविधिप्रति मौन छन् ।

देशको सबैभन्दा पुरानो लोकतान्त्रिक दलका सभापति देउवाले आफ्नो पार्टीभित्रको लोकतान्त्रिक अभ्यासलाई कमजोर बनाएको आरोपसमेत खेप्दै आएका छन् । पार्टीमा फरक मत राख्ने नेता, कार्यकर्तालाई पाखा लगाउने तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको शैलीप्रति असन्तुष्टि पोख्दै पार्टी फुटाएर नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति बनेका उनी पार्टी समायोजनपछि नेपाली कांग्रेसका वरिष्ठ नेता हुँदै पार्टीको मूलधारमा छन् ।

२ पटक पार्टी सभापति बनेका देउवाको अन्तिम कार्यकाल २०८२ मंसिरमा सकिँदै छ । तर, विधान र संविधानले दिएको सहुलियतलाई उपयोग गर्दै उनले आफ्नो कार्यकाल लम्ब्याउने योजनाका साथ आफू निकट नेताहरूलाई बोलाएर १५औं महाधिवेशन सार्ने विषयमा बोल्न लगाइसकेका छन् ।

यही अवस्थामा पार्टीको १५औं महाधिवेशन समयमा हुने सम्भावना टरिसकेको छ । महाधिवेशनको मुख्य जग क्रियाशील सदस्यता विवाद समाधानमा पार्टीका नेताहरूले काम गर्न सकेका छैनन् । भ्रातृ संगठनहरूको आवधिक महाधिवेशन गर्न नसकेको दशौं वर्ष भइसकेको छ ।

कांग्रेसकै मुख्य सहयोगमा बनेको केपी ओली नेतृत्वको सरकारले नागरिकलाई आशा जगाउन सकेको छैन । सरकार र पार्टीको आन्तरिक राजनीतिप्रति कांग्रेसकै संस्थापनइतर पक्षका नेताहरूले दैनिकजसो कडा टिप्पणी गर्दै आए पनि सभापति देउवा मौन छन् । उनले ओली सरकारका हरेक गतिविधिलाई पूर्ण सहयोग गर्दै आए पनि पार्टीका अन्य नेताहरू सरकारप्रति सन्तुष्ट छैनन् ।

नेताहरूको असन्तुष्टिका बीच सभापति देउवाले पार्टी संसदीय दलको बैठक बोलाएर सरकारले ल्याएको नीति तथा कार्यक्रमलाई समर्थन गर्न निर्देशन दिएका छन् । विधेयक पारित गर्न ढिला भएको कुरालाई आत्मसात् गर्दै समिति र संसद्मा पार्टीले प्रभावकारी भूमिका खेल्नुपर्ने निष्कर्ष संसदीय दलको बैठकले निकालेको छ ।

सरकारको कामकारबाहीप्रति महामन्त्रीसहित अधिकांश नेताहरूको असन्तुष्टिका बाबजुद सभापति देउवा, मन्त्रीहरू र देउवा निकटका केही नेताहरूले भने सरकारका कमजोरीलाई ढाकछोप गरेरै भए पनि सन्तुष्टि व्यक्त गर्न बाध्य भएका कांग्रेसकै सांसदहरूको टिप्पणी छ ।

सभापति देउवा आफ्नौ पार्टीका नेताहरूको निरन्तरको दबाब, नागरिकको सरकारप्रतिको असन्तुष्टि र विपक्षी दल नेकपा (माओवादी केन्द्र)का नेता पुष्पकमल दाहाल 'प्रचण्ड'को आश्वासनलाई बेवास्ता गर्दै आफ्नै लयमा शान्त बसेका छन् ।

## गगनको...

हिँडेको' आरोप लगाए । बिँड तात्ने, ताप्के नतात्ने गरेको टिप्पणी गर्दै थापाले भने, 'हामी चाहन्थ्यौं प्रधानमन्त्रीले युद्धस्तरमा काम गर्नोस् । युद्धस्तरको अर्थ नै फरक हुन्छ, मनोविज्ञान नै फरक हुन्छ, उसलाई यति धेरै परिणामको भोक हुन्छ, चिन्ता र डर हुन्छ । उसले अरू कुनै पनि सुविधाको प्रयोग गर्दैन । त्यसैले, सोच्छ, फोकस हुन्छ । यसरी काम गर्नुपर्छ भनेर हामीमा छटपटी भइरहेका बेलामा हामी बिँड तात्ने, ताप्के (प्रधानमन्त्री) पूरै उत्सवको मुडमा छन्, आनन्दसाथ घुमीघुमी हिँडेका छन्, प्राथमिकता पनि छैन ।'

अघिल्ला प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकार जस्तै अहिलेको सरकारले पनि ढिलासुस्ती गरिरहेको उनको आरोप छ ।

## शेखरको ...

सभापति देउवाले केही भन्न सकेका छैनन् ।

नेता कोइरालाले देउवाप्रति पनि बेलाबखत आक्रोश पोख्दै आएका छन् । पार्टीको १५ औं महाधिवेशन समयमै गराउने एजेन्डालाई मूल राजनीतिक एजेन्डा बनाएर देशव्यापी लागेका कोइरालाले सभापति र पदाधिकारीले महाधिवेशन गराउन आवश्यक संरचनागत काम नगरेको आरोप लगाउदै आएका छन् ।

त्यस्तै, एमालेसँगको सहकार्यले कांग्रेसलाई आगामी निर्वाचनमा राजनीतिक घाटा हुने उनको तर्क छ । शनिबार नेपाल थारू संघ नवलपुरको प्रथम अधिवेशनलाई सम्बोधन गर्दै उनले भोलिको प्रतिस्पर्धी एमाले नै हुन्छ भन्ने कुरा ख्याल गर्नुपर्ने बताए ।

नेता कोइरालाले भने, 'प्रतिस्पर्धीसँग सहकार्य गरेर संगठन बन्दैन । हामीले गलतलाई गलत भन्नुपर्छ अनि मात्र हामी अघि बढ्छौं । कांग्रेस र एमालेले सरकार बाहिरको राजनीतिक संयन्त्र बनाएको छ । कुनै पनि लोकतान्त्रिक मुलुकमा त्यस्ता संयन्त्रहरूले सरकारलाई चलाउन सक्दैनन्, पाउँदैनन् ।'

नेता कोइरालाले सरकारले संविधान संशोधनबारे एक सिन्को नभाँचेको बताए । भ्रष्टाचार पनि बढिरहेको भए पनि मन्त्री र प्रधानमन्त्रीहरू नीतिगत निर्णय भनेर पन्छिएका उनको आरोप छ । नेता कोइरालाले जिल्ला र प्रदेशस्तरमा कांग्रेस-एमालेबीच बनाइएका राजनीतिक संयन्त्र तोड्न कार्यकर्तालाई निर्देशन नै दिएका छन् ।

'प्रदेश, जिल्ला, पालिकामा पनि एमालेसँग संयन्त्र बनाउन हुँदैन । बाहिरबाट सरकार कम्युनिस्टहरूले मात्र चलाउने हुन् । लोकतान्त्रिक पार्टीले त्यो स्वीकार गर्दैनौं । सरकारभित्रबाट मन्त्रीहरूले संयन्त्र बनाए हामीलाई आपत्ति हुँदैन । तर, सरकारबाहिरको संयन्त्र तोड्नुपर्छ', उनले भने । यसका साथै पार्टीको १५औं महाधिवेशन जति ढिला गर्‍यो, पार्टीलाई त्यत्ति नै अप्ठ्यारो पर्ने जिकिर गर्दै आएका छन् ।

## प्रचण्डको...

ढालेर देउवालाई प्रधानमन्त्रीमा सहयोग गर्न आफू तयार रहेको आश्वासन दिए पनि सभापति देउवाले वास्ता गरेका छैनन् । देउवाले २०७९ सालको आमनिर्वाचनपूर्व गरिएको प्रचण्डसँगको सहकार्यलाई निरन्तरता दिने प्रत्यत्नमा रहे पनि प्रधानमन्त्री बन्नकै लागि प्रचण्डले एमालेसँग मिलेर आफूलाई धोका दिएको बिर्सेका छैनन् ।

ओलीसँगको सत्ता सहकार्य टुटेपछि फेरि प्रचण्डलाई दिएको समर्थनमा समेत गडबड गरेपछि देउवा र ओली मिल्न बाध्य भएका थिए । अहिले पनि ओलीलाई दिएको २ वर्ष प्रधानमन्त्रीमा समर्थन गर्ने बचनबाट आफू पछि नहट्ने देउवाले सार्वजनिक रूपमै भनिसके पनि प्रचण्ड निरन्तर देउवाको मन पगाल्न लागेका छन् । तर, देउवा भने ओलीलाई दिएको समर्थन फिर्ता गरिहाल्ने पक्षमा छैनन् ।

## एनआरएनएमा...

गरेकी हुन् । एनआरएनए १०औं महाधिवेशनदेखि विवादमा परेको छ । सर्वोच्च अदालतले २१ चैत २०८० मा एकता महाधिवेशन गराउन परमादेश दिएको थियो । त्यस्तै, २२ साउन २०८१ मा न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र टेकप्रसाद ढुंगानाको इजलासले डा. केसीकै समितिलाई काम गर्न आदेश दिएको थियो । केसीको कार्यकाल अक्टोबरसम्म छ ।

तर, डा. घलेले सर्वोच्चको २२ साउन २०८१ को फैसला उत्प्रेषणको आदेश मात्र भएको र पहिलो फैसला परमादेश भएकाले एकता अधिवेशन गराउने जिम्मेवारी आफूमाथि रहेको दाबी गरेका थिए ।

त्यही दाबीअनुसार घले नेतृत्वको उच्चस्तरीय समितिले 'एकता महाधिवेशन' गरेको हो । घलेको नेतृत्व र परराष्ट्रमन्त्री राणाको निर्देशनमा 'एकता महाधिवेशन' भएको हो । 'एकता महाधिवेशन'मा संघका पूर्वअध्यक्ष देउमान हिराचन र भवन भट्ट उपस्थित थिए । तर, संस्थापक अध्यक्ष उपेन्द्र महतो, पूर्वअध्यक्ष जीवा लामिछाने, कुमार पन्तलगायतले 'एकता महाधिवेशन'प्रति असहमति जनाउँदै बहिस्कार गरेका हुन् ।

### कुन आधिकारिक ?

आधिकारिक एनआरएनए कुन हो, अझै अन्योल छ । सरकारको नेतृत्व गरिरहेको एमाले केसी नेतृत्वको कार्यसमितिको पक्षमा छ भने 'एकता महाधिवेशन'बाट सर्वसम्मतबाट निर्वाचित श्रेष्ठको पक्षमा कांग्रेसको एउटा पक्ष छ । अर्थात्, सरकारमै रहेका २ दल एनआरएनएका २ पक्षमा विभाजित भएका छन् ।

प्रमुख प्रतिपक्ष नेकपा (माओवादी केन्द्र) पनि श्रेष्ठकै पक्षमा छ । 'एकता महाधिवेशन'बाट चयन भएका ६ जना उपाध्यक्षमध्ये खगेन्द्र न्यौपाने र लोकप्रसाद दाहालका साथै कोषाध्यक्ष ठाकुरप्रसाद ढुंगाना माओवादी निकट हुन् । महासचिव बाबुराम लामा भने घले निकट हुन् ।

अन्य पदाधिकारी र केन्द्रीय सदस्य पनि भागबन्डामै टुंगो लगाइएको छ ।

एकता महाधिवेशनबाट श्रेष्ठ अध्यक्षमा चयन भएपछि पनि एनआरएनए विवाद मिल्ने सम्भावना न्यून छ । तर, एकताका लागि घलेभन्दा श्रेष्ठ लचिला भएकाले दुवै पार्टीका शीर्ष तहबाट दबाब भएमा मल्िने सम्भावना झिनो रहेको निर्वाचित पदाधिकारीहरू बताउँछन् ।

## केसी...

केसीले संघको १२औं विश्व सम्मेलन तथा महाधिवेशन ११-१४ अक्टोबरसम्म काठमाडौंमा आयोजना गर्ने तय गरेका छन् । घले पक्षको 'एकता महाधिवेशन'लाई केसी पक्षले गरैकानुनी र एकताभन्दा फुट ल्याउने बताएका छन् ।

केसीले श्रेष्ठको नेतृत्वमा कार्यसमिति गठन भए पनि त्यसको कुनै औचित्य नहुने टिप्पणी गरेका छन् ।

## मन्त्रीको...

व्यवसायी महेश श्रेष्ठलाई अध्यक्ष बनाउनुपर्ने थियो । श्रेष्ठलाई अध्यक्ष बनाए मात्र उद्घाटन गर्ने मन्त्री राणाको शर्त थियो ।

नेकपा (माओवादी केन्द्र) निकट मानिने व्यवसायी आरके शर्मा पनि अध्यक्षका दाबेदार थिए । तर, पछि उनी दाबेदारीबाट पछि हट्न तयार भएका थिए ।

## विवादको...

विवाद नयाँ होइन । यसको सुरुवात २०७८ सालमा भएको १०औं महाधिवेशनबाट भएको हो । १०औं महाधिवेशन विधानसम्मत नभएको भन्दै घले सर्वोच्च गए । सर्वोच्चले नै घलेको नेतृत्वमा उच्चस्तरीय समिति गठन गर्न आदेश दिएको थियो । त्यसमा १३ जना राखेर सर्वोच्चले घलेको नेतृत्वमा एकताको महाधिवेशन गर्नुपर्ने जिम्मेवारी दिएको थियो ।

यो फैसला ११औं महाधिवेशनले नयाँ कार्यसमिति बनाइसकेपछि आएको थियो । यो महाधिवेशनले केसीलाई अध्यक्षमा निर्वाचित गरेको थियो । विवादको मूल सुरुवात यहीँबाट भएको हो ।

सर्वोच्चको फैसला आउनासाथ परराष्ट्र मन्त्रालयले आफ्ना गतिविधि नगर्न ११औं महाधिवेशनबाट निर्वाचित केसी नेतृत्वको कार्यसमितिलाई भनेको थियो ।

परराष्ट्रको पत्रविरुद्ध केसी नेतृत्वको कार्यसमिति फेरि सर्वोच्च गयो । सर्वोच्चले २०८१ साउनमा केसी नेतृत्वको कार्यसमितिलाई काम गर्न बाधा नपर्ने भनेर फैसला गर्‍यो ।

यसरी अदालतले सबैलाई आफूअनुकूल व्याख्या गर्न मिल्नेगरी फैसला गरेकै कारण अहिलेको अवस्था आएको हो ।

## मध्यपूर्वमा...

सहभागी नभएको भएपनि महाधिवेशनलाई एकताको महाअधिवेशन भनिएको छ । प्रमुख निर्वाचन आयुक्त वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेका अनुसार कार्यसमितिमा ७ उपाध्यक्ष निर्वाचित भएका छन् । ७ उपाध्यक्षमा खगेन्द्र न्यौपाने, लोकप्रसाद दाहाल, सुनिलकुमार साह, बुद्धि सागर सुवेदी, मनोजकुमार श्रेष्ठ (गोर्खाली) विश्वास दीप लिम्बू (तिगेला) र जुनु गुरुङ रहेका छन् ।

महासचिवमा बाबुराम (बीआर) लामा, सचिवमा चिन्तामणि सापकोटा, टंकप्रसाद गैरे र तिलकप्रसाद गैरे निर्वाचित भएका छन् । संघको कोषाध्यक्षमा ठाकुरप्रसाद ढुंगाना, सचिवमा देवकी खत्री गुरुङ, सहकोषाध्यक्षमा कृष्णप्रसाद पोखरेल र महिला संयोजक रश्मि थापा निर्वाचित भएका छन् । क्षेत्रीय संयोजकमा एसिया प्रशान्त डा. बलराम श्रेष्ठ, युरोप प्रेमबहादुर गुरुङ, मध्यपूर्व रमेश श्रेष्ठ, उत्तर दक्षिण अमेरिका डिलुराम पराजुली, ओसेनिया इर्सद अहमद र युवा संयोजक भीमसेन थापा निर्वाचित भए ।

एसिया प्रशान्त क्षेत्रीय उपसंयोजकमा माधव पोखरेल र मीमबहादुर पुर्जा, मध्यपूर्व सुनिलकुमार घिमिरे र श्रीकृष्ण भट्टराई, उत्तर दक्षिण अमेरिका विश्वराज बास्तोला र नरबहादुर टण्डन क्षेत्री, ओसियानका लागि रामप्रसाद कँडेल र प्रताप राना निर्वाचित भएका छन् ।

## श्रम...

कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले उक्त पोर्टल ७५३ स्थानीय तहसम्म विस्तार गर्न लागिएको बताए । रोजगारीका अवसर, सीपमूलक तालिम, कामदारको माग तथा आवश्यक सम्पूर्ण सेवाहरु प्राप्त हुने मन्त्री भण्डारीको भनाइ छ । एकद्वार प्रणालीमार्फत डिजिटाइसेजन सेवा सुरुवात गरिएको बताउँदै उनले त्यसमा आबद्ध हुन सबैलाई आह्वानसमेत गरे ।

रोजगारी पाउनका लागि हातमा आवश्यक सीप हुनुपर्ने बताउँदै मन्त्री भण्डारीले भने, 'देशभित्र पनि सीपयुक्त कामदारका धेरै माग छन्, तर सीप नहुँदा बाहिरबाट आएका मान्छेहरू नेपालमा काम गरिरहेका छन् । तर हाम्रा युवाहरु थोरै सेवा सुविधामा विदेशिएका छन् । आवश्यक तालिम र सीप दिएर तिनीहरुलाई रोजगारसँग जोडनुपर्ने अवस्था छ ।'

## विकल...

बिगो दामासाहीले तोकेको छ । अदालतको आदेश अनुसार अब पौडेल, हुसेन र म्याक्स इन्टर नेसनलले जनही १३ करोड ५८ लाख ५२ हजार ५८० रुपैयाँ जरिमाना र सोही बराबरको बिगो तिर्नुपर्ने छ ।

त्यस्तै, विशेषले पौडेल, हुसेन र म्याक्स इन्टरनेसनल प्रा.लि.लाई जनही ५४ लाख ३४ हजार १०३ रुपैयाँ क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा जम्मा गर्न पनि आदेश दिएको छ ।

भ्रष्टाचारमा संलग्न रहेको भन्दै अख्तियारले विपक्षी बनाएकाहरू सफल श्रेष्ठ, नवीनकुमार पोखरेल, हरिबल्लभ घिमिरे र खड्कबहादुर थापालाई भने विशेष अदालतले सफाइ दिएको छ ।

कार्यकारी निर्देशक पौडेलको निर्देशअनुसार खरिद प्रक्रियामा सहभागी भएकाले उनीहरूको बदनियतपूर्ण संलग्नता नरहेको पाइएको फैसलामा भनिएको छ ।

पौडेल यसअघि पनि सुरक्षण मुद्रण केन्द्रसँग सम्बन्धित अर्को भ्रष्टाचार मुद्दामा दोषी ठहर भई हाल कारागारमा छन् । विशेष अदालतले ८ जेठ २०८१ मा उनलाई २५ करोड ४७ लाख रुपैयाँ बिगो असुल र त्यति नै रकम जरिमाना तथा २ वर्ष कैद सजायको फैसला गरेको थियो ।

# ‘एमालेसँग पार्टी एकताको कुनै सम्भावना छैन’




**काठमाडौं/मस–** नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले तत्काल एमालेसँग पार्टी एकताको कुनै सम्भावना नरहेको स्पष्ट पारेका छन्।

काठमाडौंमा जारी आदिवासी जनजाति महासंघको दोस्रो राष्ट्रिय महाधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले एमालेसँग पार्टी एकताको कुनै सम्भावना नरहेको स्पष्ट पारेका पारेका हुन्। उनले एकीकृत समाजवादीको निम्ति जनताको मतको कमी नरहेको बताए।

अध्यक्ष नेपालले भने, ‘अझै म भन्छु, हाम्रा साथीहरु लाखौंको संख्यामा सहकारी संगठनमा आबद्ध छन्। एनजीओ, आइएनजीओमा संलग्न छन्। तिनीहरूको लाखौं भोट यो पार्टीमा ल्याउनका लागि भनेर लागेको भए राष्ट्रिय पार्टी बन्न कुनै गाह्रो थिएन। सजिलै गरी अरुलाई हामीले उछिन्ने थियौं। हामीसँग जनताको मतको कमी छैन।’ अहिले पनि आफू देश दौडाहामा जाँदा हिमाल, पहाड र तराईका कुनैपनि ठाउँमा पार्टीलाई साथ दिने जनताको कमी महसुस नगरेको उनको भनाइ थियो।

अध्यक्षले नेपालले अगाडि भने, ‘अस्ति भर्खरै पनि म कर्णाली प्रदेश पुगेर आएँ। कालीकोटको रास्कोटमा पुगेर आएँ। हुम्ला जाने त्यत्रो विकट ठाउँमा भएको अधिवशेनमा मैले मान्छेको हजारौंको जुलुस कार्यक्रममा सहभागिता देखें। रौतहट, सप्तरी जिल्लाको कार्यक्रममा पनि हजारौं, हजार मानिसको सहभागिता देखेको थिएँ। अनि मैले भनें: तराई होस्, पहाड होस्, हिमाल होस् हाम्रो पार्टी सबै ठाउँमा अगाडि बढिरहेको छ। यो पार्टीलाई अझै अगाडि बढाएर जाने हो। अरु पार्टी भन्दा शक्तिशाली बनाउने, त्यो तपाईं हामीमाथि भर पर्छ।’

# माओवादीले २ जेठदेखि ‘मध्य–पहाडी लोकमार्ग अभियान’ सुरू गर्ने



**काठमाडौं/मस–** नेकपा (माओवादी केन्द्र) ले ‘मध्य-पहाडी लोकमार्ग अभियान’ २ जेठदेखि सुरु गर्ने निर्णय गरेको छ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ निवास खुमलटारमा बसेको पदाधिकारी बैठकले हालै सम्पन्न भएको हुलाकी मार्ग केन्द्रित ‘जनतासँग माओवादी तराई-मधेस जागरण अभियान’ को समीक्षा गर्दै मध्य-पहाडी लोकमार्ग अभियानको मिति तय गरेको हो। अभियान कुन ठाउँबाट सुरु गर्ने भन्ने विषयमा ठोस निर्णय नभइसकेको तथा विस्तृत कार्यक्रमलाई मूर्तरूप दिन अर्को बैठकले गर्ने प्रवक्ता अग्निप्रसाद सापकोटाले बताए। सापकोटाका अनुसार भर्खर सम्पन्न भएको पहिलो चरणको हुलाकी मार्ग केन्द्रित तराई मधेस जागरण अभियान सोचेभन्दा बढी उपलब्धिपूर्ण भएको निष्कर्ष निकालेको छ। बैठकले ‘हुलाकी मार्ग केन्द्रित ‘जनतासँग माओवादी तराई-मधेस जागरण अभियान’ ले राष्ट्रिय एकता सुदृढ गर्न सफल भएको र उक्त अभियान माओवादीको मात्रै नभएर सम्पूर्ण राष्ट्रकै अभियान बनेको निष्कर्ष निकालेको छ।

त्यस्तै, बैठकमा माओवादीप्रति देखिएको जनविश्वास, अभियानको तयारी, कार्ययोजना र संगठनात्मक पक्षबारे विस्तृत छलफल भएको बताइएको छ। सो अभियानले राष्ट्रिय एकता सुदृढ गर्न सफल भएकोले माओवादी केन्द्रको मात्र नभई सम्पूर्ण राष्ट्रकै अभियान बन्न पुगेको निष्कर्ष पार्टीले निकालेको छ। पुस २३ गते सम्पन्न माओवादीको केन्द्रीय समिति बैठकले तराई मधेस हुलाकी मार्ग, मध्य पहाडी लोकमार्गमा अभियान चलाउने निर्णय गरेको थियो। फागुन १२ गते झापाबाट सुरु भएको हुलाकी मार्ग केन्द्रित अभियान वैशाख १७ कञ्चनपुरमा पुगेर सम्पन्न भएको थियो।

# राष्ट्रकवि घिमिरेको शालिक अनावरण



**लमजुङ/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले ‘राष्ट्रकवि माधव घिमिरे उद्यान’ उल्घाटन तथा उनको शालिक अनावरणका गरेका छन्। उनले राष्ट्रकवि घिमिरेको जन्मस्थल मर्स्याङ्दी गाउँपालिका-६ पुस्तुङ बाहुनडाँडामा निर्मित उद्यान र शालिक अनावरण गरेका हुन्। साथै राष्ट्रपतिले स्थानीयसँग भेटघाट पनि गरे।

राष्ट्रकवि माधव घिमिरे प्रतिष्ठान तथा पार्क निर्माण उपभोक्ता समितिका अध्यक्ष लोकनाथ घिमिरेका अनुसार गण्डकी प्रदेश सरकार पर्यटन मन्त्रालयबाट २० लाख, गण्डकी प्रदेशकै सामाजिक विकास मन्त्रालयबाट चार लाख र मर्स्याङ्दी गाउँपालिकाबाट तीन लाखको सहयोगमा पार्कको संरचना तथा शालिक निर्माण गरिएको हो।

राष्ट्रकवि माधव घिमिरेको जन्म विसं १९७६ असोज ७ गते लमजुङ जिल्लाको मर्स्याङ्दी-६, बाहुनडाँडा पुस्तुनमा भएको थियो। उनको २०७७ साल भदौ २ गते १०१ वर्षको उमेरमा काठमाडौंमा निधन भएको हो।

# लेखा समितिले सरकारलाई भ्रष्टाचार गर्न सघाउँछ : सांसद सिंह



**काठमाडौं/मस–** प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिले भ्रष्टाचारलाई सहजीकरण गरिरहेको आरोप समितिकै सदस्य अमरेशकुमार सिंहले लगाएका छन्। लेखा समितिको आइतबारको बैठकमा सांसद सिंहले सरकारले गरिरहेका भ्रष्टाचारका काममा समितिले सहजीकरण गरिरहेको आरोप लगाए।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको अध्ययन तथा अनुगमन उपसमितिको प्रतिवेदन सांसदहरूलाई वितरण गरेपछि धारणा राख्दै सांसद सिंहले लेखा समितिले आफ्ना काम सम्पन्न गर्न नसकेको र सरकारको छाया बनेको बताएका हुन्। लेखा समितिको सभापति सरकारको नेतृत्व गरिरहेको एमालेका ऋषिकेश पोखरेल छन्। समितिले भ्रष्टाचार र अनियमितताका विषयमा लेखा समितिले गर्नुपर्ने छानबिन नगरेको भनी प्रश्न उठिरहेका छन्। यसै सम्बन्धमा समिति सदस्य सिंहले पनि लेखा समितिको कामप्रति प्रश्न उठाएका हुन्।

लेखा समितिको प्रभावकारिता नै घटाउने काम नेतृत्व र सदस्यहरूबाट भएको सिंहले बताए। नेपाल विद्युत् प्राधिकरणको डेडिकेटेड र ट्रंक लाइन, सिमेन्ट र डन्डीको मूल्य वृद्धि लगायतका विषयमा सुरुवाती छानबिन गरिएको तर निष्कर्षमा नपुर्‍याई भ्रष्टाचारलाई प्रश्रय दिइएको उनको भनाइ थियो। ‘जसले राज्यकोषमा नियन्त्रण र खर्च गर्छ त्यसले दुरुपयोग गर्छ भन्ने उद्देश्यले लेखा समिति गठन भएको त्यसमा नियन्त्रण गर्नका लागि हो। राज्यकोषण सही ढंगले खर्च होस् भनेर लेखा समिति गठन गरिएको हो,’ उनले भने, ’सार्वजनिक लेखा समितिले भ्रष्टाचारलाई सहजीकरण गरिरहेको छ। भ्रष्टाचारलाई सहजीकरण कहीँ गरेको छैन भने देखाउँदा भयो।’

सांसद सिंहले समिति सभापति पोखरेललाई नियमित रूपमा बैठक बोलाउन माग गरे। प्रतिनिधिसभाका समितिमध्ये सबैभन्दा कम बैठक बस्नेमा सार्वजनिक लेखा समिति परेको उनको भनाइ थियो।

# पौने २ करोड भ्रष्टाचारमा ९ जनाविरुद्ध मुद्दा दायर




**काठमाडौं/मस–**वीरगञ्जको नारायणी अस्पतालको आकस्मिक कक्ष भवन निर्माणमा भ्रष्टाचार भएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ९ जनाविरुद्ध मुद्दा दायर गरेको छ।

अस्पताल भवन निर्माणमा १ करोड ८४ लाख ३८ हजार रुपैयाँ भ्रष्टाचार भएको आरोपमा अख्तियारले विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो।

अस्पतालका तत्कालीन प्रमुख मेडिकल सुपरिटेन्डेन्ट संजय कुमार ठाकुर, सहरी विकास तथा भवन कार्यालय पर्साका निमित्त कार्यालय प्रमुख इन्जिनियर राजेन्द्र साह तथा इन्जिनियर सकुर अन्सारी, अस्पतालका तत्कालीन नायब सुब्बा शुशिलप्रसाद यादव र तत्कालीन लेखापाल सुदिप कुमार माझी, मूल्याङ्कन समिति संयोजक डा. वीरेन्द्रबहादुर प्रधान र सदस्य-सचिव माधवी चौधरी, मिसन कन्स्ट्रक्सन एण्ड सप्लायर्सका प्रबन्ध निर्देशक तथा लुम्बिनी मिसन जेभीका प्रतिनिधि जगत बुढा, लुम्बिनी बिल्डर्सका तत्कालीन प्रबन्ध निर्देशक बिष्णु प्रसाद शर्मा र लुम्बिनी मिसन जेभीविरुद्ध अदालतमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता राजेन्द्र कुमार पौडेलले जानकारी दिए।

उनीहरूमाथि अस्पतालको आकस्मिक कक्ष भवन निर्माणको ठेक्कामा कूल लागतको ३.५ प्रतिशत हिस्सा इन्टरलक ब्लक बिछ्याउने र मुख्य निर्माण कार्य नभई सहायक निर्माण कार्य रहेको निर्माणमा एम ३५ इन्टरलक ब्लक बिछ्याउन बोलपत्र अस्वीकृत गरी मिलेमतोमा राज्यलाई हानिनोक्सानी गरेको अख्तियारको आरोप छ।

आर्थिक वर्ष २०७७/०७८ मा नारायणी अस्पतालको आकस्मिक कक्ष निर्माण सम्बन्धी ठेक्का प्रक्रियामा सार्वजनिक खरिद ऐन तथा नियमावली विपरीत हुने गरी इन्टरलक टायललाई भवन निर्माणको मुख्य आइटमको रूपमा समावेश गरेको पाइएको आरोपपत्रमा उल्लेख छ।

अख्तियारले उनीहरूविरुद्ध १ करोड ८४ लाख ३८ हजार ४५८ रुपैयाँ बिगो दाबी गरेको छ।

# प्यूठानको विकासका निम्ति बजेट व्यवस्था गर्न प्रधानमन्त्रीलाई आग्रह



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष नेकपा (एमाले)का सांसद सूर्यबहादुर थापाले प्यूठान जिल्लाका भौतिक पूर्वाधार र विकास निर्माणका योजनालाई आगामी आर्थिक वर्षको बजेट कार्यक्रममा समावेशका लागि अनुरोध गरेका छन्।

प्रधानमन्त्री ओलीलाई प्युठानबाट निर्वाचित सांसद थापाले भालुवाङ-प्युठान, बाग्दुला-भीमगिठे सडक, मदन भण्डारी राजमार्गलगायत योजनाका लागि ध्यानाकर्षण गराएका हुन्। सांसद थापाले लुम्बिनी प्रदेशको राजधानी देउखुरी उपत्यका, भालुवाङबाट प्यूठान जिल्ला सदरमुकाम जोड्ने भालुवाङ-प्युठान मोटरबाटोलाई चकचके-भिङ्गृ-लिबाङ एवं चकचके खलङ्गासम्म दुवै खण्डलाई एउटै सङ्केत नम्बर कायम गर्न आग्रह गरे। यो सडकलाई दुई लेनमा स्तरोन्नित गरी राष्ट्रिय राजमार्गमा समावेश हुन छुट भएकाले अविलम्ब समेट्नुपर्नेमा उनको जोड थियो।

सांसद थापाले विगत १० वर्षदेखि स्रोत सुनिश्चित भई ठेक्का लागेर पनि निर्माण अलपत्र परेको बाग्दुला-भीमगिठे सडकअन्तर्गत निर्धारित बाग्दुला-मच्छी-ठूलाबेँसी-भीमगिठे सडकको नयाँ ठेक्का अविलम्ब लगाउन माग गरे।

यसैगरी, मदनभण्डारी राष्ट्रिय राजमार्गअन्तर्गत सौतामारे-मच्छी खण्ड ठेक्का लागेर काम भइरहेकामा द्रुत गतिमा निर्माण हुनुपर्ने, गोखुङ्गा-बाग्दुला खण्डका वातावरणीय प्रभाव मूल्याङ्कन भइसकेकाले ठेक्का लगाउनुपर्ने सांसद थापाको जोड थियो।

प्रधानमन्त्रीसमक्ष प्रस्तुत मागपत्रमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका साथै सहरी विकास मन्त्रालयअन्तर्गत पक्की पुल र जिल्लामा विभिन्न स्थानीय तहका गरी २ हजार ३७७ सुरक्षित नागरिक आवास कार्यक्रमका योजना, ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालय, अर्थ मन्त्रालयअन्तर्गत सात क्रमागत योजना, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत स्वर्गद्वारी विमानस्थलका लागि जग्गा अधिग्रहण गर्नेगरी बजेट विनियोजन गर्न आग्रह गरिएको छ।

राष्ट्रिय योजना आयोगका समपूरक तथा विशेष अनुदानका ८ योजना, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत ४ योजना, खानेपानी मन्त्रालयअन्तर्गत १४ योजना, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत १० योजना, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत प्युठान नगरपालिकामा बृहत् प्रदर्शनीस्थल निर्माण, युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत दुई योजनाका लागि सांसद थापाले प्रधानमन्त्रीमार्फत बजेट माग गरेका छन्।

**Triveni Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Jugar, Rolpa**
**Lumbini Province, Nepal**

**Invitation for Bids**

**Date of Re-Pubilication : May 05, 2025**

Triveni Rural Municipality, Jugar Rolpa invites electronic bids from eligible bidders for the following construction project details under Seal Quotation & National Competitive Bidding- Single Stage Single Envelpoe Bidding procedures .

| S. N. | Contract ID | Name of Works | Bidding Procedures | Cost of Bid Document NRs. | Bid Security NRs. | Total Estimate Amount Including VAT Item NRs. |
|---|---|---|---|---|---|---|
| 1 | TRM/ROLPA/SQ/ GOODS/26/2081-082 | Construction material of Daruwa Baishabot Khanepani Yojana | SQ | 1,000.00 | 38,000.00 (which must valid up to 90 days) | 14,54,014.29 |
| 2 | TRM/ROLPA/SQ/ GOODS/27/2081/082 | Construction Material of Jagarbot Jugar Lingdung Gramin Sadak Punasthapana | SQ | 1,000.00 | 42,000.00 (which must valid up to 90 days) | 16,61,623.18 |

**Bid Schedule & Bank Account Details**

| Last Date & Time of bid purchase For NCB | Last Date & Time of bid submission and opening | Bank Account Details | | |
|---|---|---|---|---|
| **For Seal Quotation** May 20, 2025 within office hours | **For Seal Quotation** May 20,2025 at or before 12:00 hrs. and at 13.00 hrs.respectively | Name of Bank:-Nepal Investment Megha Bank Branch Office, Jugar, Rolpa | Ga.1.1 Tribeni Ga.Pa Aantarik Rajawso Khata no.(For cost of Bid Document) A/C No.07101400250108 | Ga 3.1 Tribeni Ga.Pa Dharauti Khata No.(For Bid Security) A/C No.07101040251464 |
| Bidders may obtain further information from the office or may visit PPMO’s website:www.bolpatra.gov.np under the name of Public Entity “ Triveni Rural Municipality” Jugar Rolpa | | | | |

**Chief Administrative Officer**

**यूएईमा रोजगार**

कम्पनी: FARNEK MANPOWER SUPPLY SERVICES - SOL PROPRIETORSHIP L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३६३१ L.T. No.: 319434 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER/PACKER/PICKER | 200 | 0 | स. काममा दक्ष | 1200 | ४४,१२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता पि.आई.टी ट्रेनिङ सेन्टर जनकपुरमा २०८२ बैशाख २९ देखि जेठ ४ सम्म गते (12-18 May 2025) मा हुनेछ ।

कम्पनी: PRIME FACADE TECHNICAL SERVICES L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/२१ चलानी नं.: ६०२३६९६९ L.T. No.: 322660

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Finishing Carpenter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 47,801 | ५२,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Glass Tube Maker | 2 | 0 | | 47,801 | ७६,५६० | | | | | | | |

कम्पनी: Tawasul Transport L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२०८६०५ L.T. No.: 293189 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light vehicle Driver ( Taxi Driver) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४४,१२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कम्नी काठमाण्डौमा २०८२ बैशाख २९ गते (12 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

मध्यान्ह
www.madhyanhadaily.com
२२ वैशाख २०८२ सोमबार
5 May 2025, Monday

## सम्पादकीय

### सीमाभित्र रहनुपर्ने सम्बन्धहरू

३ दिने काठमाडौं बसाइ टुंग्याउँदै भारतीय जनता पार्टी (भाजपा)का विदेश विभाग प्रमुख विजय चौथाइवाले स्वदेश फर्किएका छन् । उनी काठमाडौं हुँदा नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीसहित शीर्ष नेताहरूसँग उच्च रफ्तारमा भेटवार्ता गरे । छोटो बसाइमा चौथाइवालेले नेपाली कांग्रेसकै मात्र ८ जना नेतासँग भेटवार्ता गरेका थिए । सभापति शेरबहादुर देउवा, महामन्त्री गगन थापा, संस्थापनइतर नेता डा. शेखर कोइराला, परराष्ट्रमन्त्री डा. आरजु राणा, प्रवक्ता डा. प्रकाशशरण महतदेखि केन्द्रीय सदस्य उदयशम्शेर राणासमेतलाई उनले भेटे । प्रमुख विपक्षी नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', उपमहासचिवद्वय जनार्दन शर्मा र वर्षमान पुन, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालसहित संसद्का साना दलका प्रमुखहरूलाई पनि भेटे । भेटपछि नेताहरूले चौथाइवालेको भ्रमण पाकिस्तानसँग बढ्दो तनाव र नेपालमा राजावादी गतिविधिमा केन्द्रित रहेको बताएका छन् ।

चौथाइवालेको काठमाडौं भ्रमणबारे सत्ता र विपक्षी नेताहरूको साझा निष्कर्ष देखिन्छ । कश्मीरमा १ नेपालीसहित २७ पर्यटकको ज्यान लिएको आतंकवादी हमलाविरूद्ध नेपालको समर्थन जुटाउन आएका चौथाइवालेले नेपालमा भइरहेको राजावादी गतिविधिमा भारतको साथ नहरने पनि विश्वास दिलाएको नेताहरूको साझा प्रस्टोक्ति छ । तर, सँगसँगै अर्को निष्कर्ष पनि नेताहरूले लुकाएका छैनन् । विशेषगरी मुख्य सत्ता साझेदार नेपाली कांग्रेसका नेताहरूले चौथाइवालेको भ्रमण नेपालको आन्तरिक राजनीतिसँग जोडिएको सन्देश दिइरहेका छन् । केही दिनअघिसम्म 'आवश्यक परे सरकारबाट बाहिरिनुपर्ने'जस्ता अभिव्यक्ति दिन थालेका कांग्रेस संस्थापनइतर नेताहरू अहिले वर्तमान सत्ता समीकरणमा कुनै समस्या नरहेको बताउन थालेका छन् ।

प्रधानमन्त्री ओलीले पनि चौथाइवालेको काठमाडौं भ्रमण र कांग्रेस सभापति देउवा बैंककबाट फर्किएपछि राजनीतिक परिस्थिति बदलिएको ब्रिफिङ निकटस्थहरूसँग गरेका छन् । कांग्रेस संस्थापनइतरकै भाषा संभवतः विपक्षी नेताहरूले पनि चाँडै प्रकट गर्न सक्ने टिप्पणी राजनीतिक वृत्तमा भइरहेको छ । सत्तारूढ शक्ति र राजनीतिक स्थायित्व चाहनेहरूका निम्ति बदलिएको परिस्थिति सुखद् नै होला । राजनीतिक स्थायित्व मुलुककै निम्ति पनि हितकर होला । तर, छिमेकी देशको नेताको भ्रमण अथवा बाह्य शक्तिको समर्थनलाई आधार मानेर यस्तो राजनीतिक परिस्थितिको निर्माण सार्वभौम मुलुकका निम्ति शुभसंकेत होइन । सार्वभौम जनताका प्रतिनिधिहरूकै विवेकमा आधारित राजनीतिले देशको नेतृत्व गर्नुपर्छ । यसको अर्थ छिमेक र छिमेकी शक्तिविरूद्ध तिक्ततापूर्ण सम्बन्ध स्थापित गर्नुपर्छ भन्नेचाहिँ होइन ।

# सगरमाथा संवादमा उठाउनुपर्ने एजेन्डा

*माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरि जस्ता दर्जनौं हिमाल कालापत्थरमा परिणत हुँदै गइरहेको सर्वविदितै छ । पहिले लटरम्म स्याउ फल्ने तल्लो मुस्ताङमा स्याउ फल्न छाडेको छ । चरिचरनमा मिचाहा नयाँनयाँ झार देखिन थालेका छन् । यी घटना सामान्य होइनन्...*

अग्रलेख



● शिवकुमार श्रेष्ठ (शिवांसु)

जलवायु परिवर्तनले पारेको प्रभाव, हिमाली क्षेत्रका बासिन्दाका वास्तविक भोगाइ, जलवायु संकटलाई सामना गर्न गरिएका प्रयास तथा अभ्यासलाई यकिन गर्न सगरमाथा संवाद यही २ देखि ४ जेठसम्म गर्न लागिँदै छ ।

संवादको मुख्य उद्देश्य हिमाली क्षेत्रमा देखिएको वातावरणीय असन्तुलन, हिउँ पग्लने दरमा वृद्धि, जैविक विविधतामा संकट तथा स्थानीय र विभिन्न भागमा रहेका बासिन्दाको जीवनशैलीमा परेको प्रतिकूल असरमाथि बहस उठाउनुमा देखिन्छ ।

नेपाल २ ठूला शक्ति राष्ट्र भारत र चीनबीचमा अवस्थित छ । दुवै मुलुकले वैश्विक रूपमा ठूलो मात्रामा कार्बन उत्सर्जन गर्ने हुँदा तिनको प्रभाव हाम्रो हिमालय, पहाड, बस्ती र जनजीवनदेखि पर्यावरणमा परेको छ । दि स्टेट अफ क्लाइमेट इन एसिया रिपोर्ट, २०२३ मा मौसम जलवायु र पानीसँग सम्भावित खतराबाट विश्वमा सबैभन्दा विपद् प्रभावित क्षेत्र एसिया भएको जनाइएको छ ।

सन् २०२३ मा एसियामा समुद्र सतह र महासागरको तापक्रमले नयाँ कीर्तिमान कायम गरेको थियो, जसले गर्दा यस क्षेत्रले विश्व औसतको लगभग दोब्बर समुद्री सतहको वृद्धि दर अनुभव गरिरहेको छ । दक्षिणपूर्वी एसियामा विशेषगरी बंगलादेश, म्यानमार र थाइल्यान्डमा अत्यधिक गर्मीले कृषि उत्पादनमा गिरावट ल्याएको छ । साथै, नयाँनयाँ स्वास्थ्य समस्या बढाएको छ ।

नेपालमा तापक्रम वृद्धिले हिमनदी पग्लने र पानीको अभाव जस्ता समस्या तीव्र बनाएको छ, जसले लाखौं मानिसको जीवनमा प्रत्यक्ष असर पारेको छ । पश्चिम नेपालका माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरि जस्ता दर्जनौं हिमाल कालापत्थरमा परिणत हुँदै गइरहेका सर्वविदितै छ ।

पहिले लटरम्म स्याउ फल्ने तल्लो मुस्ताङमा स्याउ फल्न छाडेको छ । चरिचरनमा मिचाहा नयाँनयाँ झार देखिन थालेका छन् । जलवायु परिवर्तनले उच्च हिमाली क्षेत्र र त्यहाँका जनतामा पारेको प्रभाव तथा चुनौतीको समाधानका लागि विश्वव्यापी पहल गर्नु, वर्तमान अवस्थाको समाधान भोलिको पुस्ताको भविष्य एवं सम्पूर्ण पृथ्वीकै सुरक्षालाई सुनिश्चित गर्न नेपालले सगरमाथा संवादलाई केन्द्रित गर्न आवश्यक देखिन्छ । एसिया तथा प्रशान्त क्षेत्र जलवायुजन्य विपद्को अग्रपंक्तिमा रहेकाले जलवायु सहनशीलता तथा पूर्वसूचना प्रणाली सक्रिय बनाउनुपर्ने अहिलेको आवश्यकता हो ।

नेपालका हिमाल पर्यटकका लागि उत्कृष्ट गन्तव्य बन्न सक्ने नेपालीले अपेक्षा गरेका छन् । यति मात्र नभई पर्यटकबाट अर्थतन्त्रलाई पनि चलायमान बनाउन सकिने सम्भावना बोकेको छ । पर्यटन पूर्वाधार, होमस्टे व्यवस्थापन, पदमार्ग गरी हिमाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चर्चित गन्तव्य बन्न सक्ने अपेक्षा गरिएको छ । यसबाट देशले मनग्य आम्दानी गर्नुका साथै नागरिकले रोजगारीको अवसर पाउने छन् ।

यस वर्ष विश्वको सर्वोकृष्ट गन्तव्य मुलुकमा नेपाल परेको फोर्ब्स पत्रिकाले जनाएको छ । पश्चिमका अपि हिमाल ७ हजार १३२ मिटर र नाम्प हिमालको ६ हजार ७५५ मिटरको उचाइ छ । यी हिमालहरूलाई पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा परिचित गराई नाम र दाम दुवै कमाउन सकिन्छ ।

पश्चिम नेपालका हिमाली क्षेत्रका मानिसको मुख्य आय स्रोतका



रूपमा यार्चागुम्बा र बहुमूल्य जडीबुटीहरू हुन् । यिनकै आम्दानीबाट वर्ष दिनको खर्च जुटाउँछन् ।

तर, जलवायु परिवर्तनका कारण वैश्विक तापक्रम वृद्धि भई हिउँ पग्ली विगत वर्षमा २ वटा हिमताल फुटेर वितण्डा मच्चाएको थियो । थामेमा धेरै घर, स्कुल पुरेको थियो ।

जलवायु परिवर्तनका कारण हिमाल र पर्वतीय क्षेत्र सबैभन्दा बढी प्रभावित छन् । नेपालका २६ वटा हिमतालहरू विस्फोटनको उत्तिकै जोखिममा छन् । हिमपहिरो र बाढीको जोखिम निरन्तर बढेको छ ।

२९ मे १९५३ मा २ साहसी पर्वतारोही तेन्जिङ् नोर्गे र सर एडमन्ड हिलारीले सगरमाथा पहिलो पटक आरोहण गरे । हालसम्म ८ हजारभन्दा बढी आरोहीले सगरमाथा चुमेका छन् । यो कठिन यात्रामा हजारभन्दा बढीले ज्यान गुमाएका छन् ।

सगरमाथा आरोहणको ठूलो संख्याका कारण यस क्षेत्रमा भइरहेको फोहोरलाई संकलनका लागि बजेट र जनशक्ति व्यवस्था गर्न सरकार, सम्बन्धित निकाय, संघसंस्था र नागरिकको कर्तव्य हुन आउँछ ।

वैश्विक तापक्रम वृद्धिका कारण लामखुट्टे, झिँगा, भुसुना र स-साना किराजन्य पनि माथि सर्दै गएका छन्, जसका कारण सन् १८८० देखि २०१२ सम्म विश्वको तापक्रम शून्य दशमलव ८५ प्रतिशतले बढेको छ । यसको संकेत जलवायु र तापक्रमसँग संवेदनशील डेंगी हुन्छ ।

१ डिग्री तापक्रम बढ्दा नेपालको ७० प्रतिशत जनसंख्यामा डेंगी फैलन सक्ने चेतावनी अनुसन्धानकर्ताको छ । डेंगी सार्ने लामखुट्टेको बासस्थान ९०० मिटर भए पनि हाल १ हजार ४०० मिटर पुगेको पाइन्छ ।

> नेपाल २ ठूला शक्ति राष्ट्र भारत र चीनबीचमा अवस्थित छ । दुवै मुलुकले वैश्विक रूपमा ठूलो मात्रामा कार्बन उत्सर्जन गर्ने हुँदा तिनको प्रभाव हाम्रो हिमालय, पहाड, बस्ती र जनजीवनदेखि पर्यावरणमा परेको छ, जसलाई केन्द्रित गरी छलफल हुनु आवश्यक छ...

इकोलोजी एन्ड इमोलुसन जर्नलका अनुसार तापक्रम वृद्धिका कारण हिमचितुवाको बासस्थान खुम्चँदै गएको छ । सन् २०३० भित्र हिमचितुवाको विचरण क्षेत्र १४ दशमलव ५७ प्रतिशत र सन् २०५० सम्म २१ दशमलव ५७ प्रतिशतले घट्ने प्रक्षेपण गरिएको छ ।

तापक्रम बढेसँगै हिमाली क्षेत्रमा पाइने कस्तुरीको बासस्थान सन् २०७० सम्म २९ दशमलव ४७ प्रतिशतले घट्ने प्रक्षेपण गरिएको छ । बासस्थान घट्ने, खाना कम हुने, भेलबाढीका कारण वन्यजन्तुको संख्या पनि त्यही अनुपातमा कम हुने विज्ञहरूले जनाएका छन् ।

तापक्रम वृद्धिसँगै वन्यजन्तुको बासस्थान घट्दै जाने र तापक्रम र वर्षाको अवस्थामा फरक आउँदा मिचाहा प्रजातिको वनस्पतिको बढोत्तरी हुने र त्यसले वन्यजन्तुको आहारमा प्रभावित गर्छ ।

भारी वर्षासँगै आएको बाढीका प्रभावमा वन्यजन्तुहरू परेका घटना देखिन थालेका छन् । यसका लागि वन्यजन्तु संरक्षणसम्बन्धी कार्ययोजनाहरू निर्माण गर्दा जलवायु परिवर्तन, अनुकूलन र प्रक्षेपणलाई ख्याल गरेर गर्नुपर्ने हुन्छ । विकसित राष्ट्रको औद्योगिकीकरणका क्रममा गरेको कार्बन उत्सर्जनले नेपाल जस्तो मुलुकमा गम्भीर असर पुगेकाले असर न्यूनीकरण गरी मानव र जीवजन्तुको दिगो विकास र संरक्षणसम्बन्धी नीति कार्यान्वयन आवश्यक छ । जलवायु परिवर्तनको असर न्यूनीकरण र त्यसलाई अनुकरण गर्नका लागि सरकारका सबै तह र तप्काका निकायको भूमिका अहं हुन्छ ।

## इतिहासमा आज

५ मे १९८० मा अपरेसन निमरोड : ६ दिनको घेराबन्दी पछि ब्रिटिस विशेष हवाई सेवाले लन्डनमा रहेको इरानी दूतावासमा आक्रमण गरेको थियो ।



५ मे १९९१ मा प्रहरीले साल्भाडोरियालीलाई गोली हानेपछि वासिंगटन डीसीको माउन्ट प्लेजेन्ट क्षेत्रमा दंगा मच्चिएको थियो ।



५ मे २००७ मा क्यामरुनको डुआलामा रहेको डुआला अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भरेपछि केन्या एयरवेजको विमान ५०७ दुर्घटनाग्रस्त भएको थियो, जसमा सवार सबै ११४ जनाको मृत्यु भएको थियो ।



५ मे २०१० मा ग्रिक सरकारले ऋण संकटको परिणामस्वरूप अगाडि सारेको मीतव्ययिताको नीतिको प्रतिक्रियामा ग्रिसमा ठूलो विरोध प्रदर्शन भएको थियो, जसले निकै असहज अवस्था सिर्जना गरेको थियो ।



# माननीय ज्ञानबहादुर शाहीलाई खुल्ला पत्र

खुला पत्र



● मोहम्मद जाकिर हुसैन

> *तपाईंको बोलीले आमनेपालीमा सकारात्मक वा नकारात्मक भाष्य निर्माण गर्न सक्छ । त्यसले देशलाई निर्माण वा विध्वंस, जतातिर पनि लैजान सक्छ...*

माननीय ज्ञानबहादुर शाहीज्यू,

केही दिनअघि कश्मीरमा भएको आतंकवादी घटनालाई लिएर तपाईंले नेपाली मुस्लिमलाई द्वन्द्वका लागि उक्साउने काम गर्नुभयो । शान्तिप्रिय नेपाली मुस्लिमहरूले तपाईंको षडचन्त्रको चाल पाएर तपाईंसँग दोहोरी खेलेनन् । मुस्लिम आयोगले पनि तपाईंको उक्साहटमा नआएर संयमता देखायो । अझ भनौं भने, तपाईंको बालापनलाई महत्त्व नै दिएन ।

माननीयज्यू,

तपाईंको अभिव्यक्तिको खण्डन गर्दै यो खुल्ला पत्र लेखेको हो । म तपाईंको विरुद्धमा तपाईंको नेतासम्म गइनँ, जान्नँ पनि किनकि तपाईंको वक्तव्यमा बालापनबाहेक केही छैन । बिनाअध्ययन जे मन लाग्यो, बोल्नुहुन्छ ।

तपाईंको हैसियत हेर्दा ३० वर्ष पञ्चायती व्यवस्था चलाउँदै आएका खारिएका नेताहरूको बीचमा तपाईंले ठूलै 'हाइट' बनाउनुभएको छ । पक्कै यो तपाईंको क्षमताकै कमाल होला । यसमा केही भनिनँ तर देखिन्छ बालापन ।

यो खुल्ला पत्रमा तपाईंले लेख्नुभएको कुरालाई जस्ताको त्यस्तै राख्दै छु :

'इराकमा हत्या गरिएका १२ जना नेपालीको कुरा होस् या इजरायलमा प्यालेस्टाइनीद्वारा हत्या गरिएका १० जना नेपालीको कुरा होस् वा हिन्दु हो भन्दै भारतको जम्मु-कश्मीरमा हत्या गरिएका सुदीप न्यौपानेको कुरा होस्, नेपालीलाई हत्या गर्ने जोसुकै होस् म हत्याराका विरुद्धमा छु । म एक्लै भए पनि हत्याराका विरुद्धमा खडा हुन्छु । तर, एउटा कुरा, यदि यो सबै धर्मको देश हो भने, कुनै एक धर्मको मात्र संवैधानिक आयोग किन छ ? संवैधानिक आयोग नै बनाउने हो भने बुद्धिस्ट आयोग, किराँत आयोग, हिन्दु आयोग पनि बनाऊ । सबैलाई समान व्यवहार राज्यले गरोस् । होइन भने एकाध धर्मको आयोग बनाउनुपर्ने कुनै कारण छैन । जब नेपाली मारिँदा संवैधानिक आयोग मौन रहन्छ भने, त्यो संवैधानिक आयोगको कुनै काम छैन ।'

माननीय शाहीज्यू,

पहिलो अनुच्छेदमा तपाईंले 'नेपालीलाई हत्या गर्ने जोसुकै होस् म हत्याराको विरुद्धमा छु' भन्नु अतिराम्रो कुरा हो । सबै नेपालीको यही धारणा हो । आमनेपालीको धारणा राख्नुभएकामा धन्यवाद ।

तर, त्यसपछि तपाईंले लेख्नुभएका वाक्यहरूमा घोर आपत्ति छ किनकि तपाईं देशको विधायक हो, संसद्मा प्रभाव राख्ने एउटा राजनीतिक दलको प्रवक्ता हो । तपाईंको अभिव्यक्तिले कुनै बेला पनि एउटा गति लिन सक्ने



सम्भावना रहन्छ ।

तपाईंको बोलीले आमनेपालीमा सकारात्मक वा नकारात्मक भाष्य निर्माण गर्न सक्छ । त्यसले देशलाई निर्माण वा विध्वंस, जतातिर पनि लैजान सक्छ । नेता निर्माणका लागि हुन्छ, विध्वंस, हिंसा, दंगा, अराजकता, द्रोह, विद्वेषका लागि हुँदैन । र, वीरगन्ज घटनादेखि कश्मीरको आतंकवादी घटनासम्मको यात्रामा तपाईंले एउटा समुदाय विशेषलाई लक्षित गर्नुभएको छर्लंग देखिन्छ ।

तपाईंले सामाजिक संजालमा मुस्लिम आयोगलाई औंल्याउँदै लेख्नुभएको कुरा सरासर भ्रामक र द्वेषपूर्ण छ या तपाईंमा विषयवस्तुको अज्ञानता र बालापन छ ।

हालै तपाईंले भिडियो अभिव्यक्तिमा पनि आयोगलाई मुछ्ने, आयोगलाई उक्साउने, तपाईंसँग भिडन्त गराउने शैलीमा अनावश्यक बकबकाउनुभयो । मैले विज्ञप्तिमार्फत त्यस विषयवस्तुलाई प्रस्ट पारेको थिएँ । सुनसरीका अबुल अन्सारीले त झन् तपाईंको पार्टी कार्यालयमा गएरै विज्ञप्ति बुझाउनुभयो । तपाईंको अध्यक्षले पनि सकारात्मक कुरा नै गर्नुभयो ।

यसपछि तपाईंले 'म एक्लै भए पनि' शब्दावली प्रयोग गर्दै सामाजिक संजालमा विष वमन गर्नुभयो । शाहीजी, हत्याराको विरुद्ध आतंककारीहरूबाहेक सारा संसार छ, हामी पनि छौं । तपाईं एक्लै किन ?

बुझाइका आधारमा, स्थापित त्रुटिपूर्ण भाष्यको जगमा द्वेष राखी बोल्नुभएको छ भने तपाईंसँग पूरै देशका जनता त्यहीअनुसार जाने छन् । होइन, विषयवस्तु नजानेर बालापनमा बोल्नुभएको हो भने सुन्नुहोस्- मुस्लिम आयोग संवैधानिक मुस्लिम आयोग हो । नेपाल धर्मनिरपेक्ष राज्य हो । बहुधार्मिक, बहुसांस्कृतिक, बहुजातीय, बहुभाषिक धर्मनिरपेक्ष देश हो नेपाल ।

धर्मनिरपेक्ष राज्यमा धार्मिक आयोगको परिकल्पना व्यर्थ हो । मुस्लिम आयोग धार्मिक आयोग होइन । यो समावेशी आयोग, महिला आयोग, दलित आयोग, जनजाति आयोग, मधेशी आयोग, थारू आयोग जस्तै विशिष्ट संवैधानिक आयोग हो । यी सबै आयोगहरूको पृष्ठभूमि वर्गीय विश्लेषण हो । नेपालको वर्गीय विश्लेषणको आधार राजतन्त्रदेखि हुँदै आएको विशेष जातीय शोषण, उत्पीडन, बहिस्करण र सीमान्तीकरण हो । संविधान निर्माणको बखत लामो राष्ट्रिय बहसका उपज हुन्, यी संवैधानिक आयोगहरू ।

नेपालको संविधान, २०७२ मा मुस्लिम एउटा जातीय क्लस्टरको रूपमा राष्ट्रिय पहिचान प्राप्त जातीय समुदाय हो । संविधानले सबै जातीय समूहको वर्गीकरण गर्दा खस-आर्य, दलित, मधेशी, जनजाति, थारू र मुस्लिम गरी ६ वटा मुख्य जातीय समूहमा नेपाललाई वर्गीकरण गरियो । र, लैंगिक रूपमा महिलालाई एउटा भिन्नै पहिचानको क्लस्टरका रूपमा सम्बोधन गरियो ।

सीमान्तीकरण, बहिस्करण तथा पछौटेपनका आधारमा र खासखास समुदायमाथि भएको नीतिगत उत्पीडनको पृष्ठभूमिमा नेपालमा पहिचानको मुद्दा उठेपछि राष्ट्रिय सहमतिले यो संविधान बनेको हो । एउटा सांसद भएर संविधानविपरीत बोल्न तपाईंलाई सुहाउँदैन । सांसद संविधानको मातहत हुन्छ ।

मुस्लिम समुदाय नेपालमा राष्ट्र निर्माण र परिवर्तनका लडाइँहरूमा जीउ-ज्यानले बलिदानी दिने समुदाय हो । जसरी धर्मनिरपेक्षतासँग तपाईंको आपत्ति छ, खुलेर आउनुभएको छ । ठीक छ । नेपाली मुस्लिम समुदायसँग पनि तपाईंलाई आपत्ति छ भने त्यहीअनुसार आउनुहोस् ।

म पनि मुस्लिम आयोगले आफ्नो धारणा सार्वजनिक गर्न नै मिल्दैन भन्ने सोच राख्दिनँ । तर, देशमा धार्मिक द्वेष बढिरहेका बेला त्यसलाई अझ सल्काउन भ्रामक अभिव्यक्ति दिने तपाईं जस्तो गैरजिम्मेवार मुस्लिम आयोग पनि होस् भन्ने पनि चाहँदिनँ । त्यो भएर नै मैले तपाईंलाई यो खुल्ला पत्र लेख्ने सोच बनाएँ । कश्मीर घटना अन्तर्राष्ट्रिय घटना हो । अन्तर्राष्ट्रिय घटनामा परराष्ट्र मन्त्रालयले राज्यका तर्फबाट आफ्नो धारणा सार्वजनिक गरिसकेपछि मुस्लिम आयोगले आफ्नो धारणा राख्नुपर्छ भनेर कड्किने तपाईंको नियतमाथि प्रश्न चिह्न खडा भएको छ ।

हो, आमसमुदाय र अधिकारवादी संस्थाहरूले बोलेका छन् । मुस्लिम समुदायले पनि व्यापक रूपमा कश्मीर घटनाका आतंकवादीका विरुद्ध धारणा सार्वजनिक गरेका छन् । सारा विश्व जगन्ले गरेका छन् । तसर्थ, यो खुल्ला पत्रमार्फत शाही माननीयज्यूलाई अनुरोध गर्न चाहन्छु कि राष्ट्र निर्माणमा हातेमालो गरेर अगाडि बढौं । संविधानको रक्षा गरौं । सबै मिलेर साझा फूलबारी नेपाललाई सिंगारौं ।

मुस्लिम आयोग धार्मिक आयोग होइन ।

**(हुसैन पूर्वराज्यमन्त्री, संविधानसभा सदस्य हुन् ।)**

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

### कर्णालीमा नागरिक स्वास्थ्य परीक्षण

# ४० वर्षमाथिका नागरिकलाई नसर्ने रोगको निःशुल्क उपचार

**सुर्खेत/मस-** कर्णाली प्रदेश सरकारले नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम शुभारम्भ गरेको छ । ४० वर्षमाथिका प्रदेशभरका नागरिकमा नसर्ने रोगहरु मधुमेह, उच्च रक्तचाप तथा मृगौला रोगको निशुल्क परिक्षणका साथै उपचार गर्ने उद्देश्यले कार्यक्रमको शुभारम्भ भएको हो ।



आइतबार कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले नागरिक स्वास्थ्य परीक्षण कार्यक्रमको शुभारम्भ गरेका हुन् । मन्त्री भण्डारीले पूर्वी सुर्खेतको गुर्भाकोट नगरपालिका-१३, स्थित गुमी स्वास्थ्य चौकीबाट स्वास्थ्य परीक्षण कार्यक्रमको औपचारिक शुभारम्भ गरेका हुन् । शुभारम्भ समारोहमा बोल्दै मन्त्री भण्डारीले १० वटै जिल्लाका सबै स्थानीय तहमा नसर्ने रोगहरुको नियमित परीक्षण तथा उपचार सेवा सुरु भएको बताए । प

छिल्लो समय अस्वस्थ खानपान र जीवनशैलीका कारण कर्णालीमा नसर्ने रोगको जोखिम उच्च हुँदै गएको उल्लेख गर्दै मन्त्री भण्डारीले नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम शुभारम्भ गरिएको बताए ।

४० वर्ष माथिको जनसंख्यामा नसर्ने रोगको परीक्षण गर्नुको मुख्य उद्देश्य कर्णालीको समग्र स्वास्थ्यको अवस्था पत्ता लगाउनु रहेको मन्त्री भण्डारीले बताए । नसर्ने रोगहरुबाट भविष्यमा निम्तन सक्ने जोखिम न्यूनिकरण गरी स्वस्थ कर्णाली निर्माण गर्ने लक्ष्यका साथ सरकार अघि बढेको मन्त्री भण्डारीको दाबी छ ।कार्यक्रममार्फत स्क्रिनिङ गरिएको तथ्यांकको आधारमा भावि स्वास्थ्य रणनीति तय गर्न सघाउ पुऱ्याउने मन्त्री भण्डारीको अपेक्षा छ । प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत नागरिक स्वास्थ्य परीक्षण कार्यक्रमलाई नीतिगतरुपमा व्यवस्थित गरी अघि बढाइएको उल्लेख गर्दै मन्त्री भण्डारीले ढुक्क भएर सेवा लिन आग्रह गरे । मन्त्री भण्डारीका अनुसार कार्यक्रमलाई प्रभावकारी बनाउन कर्णालीका सबै पालिकामा स्वास्थ्य प्रवर्द्धनात्मक कार्य सञ्चालन गर्ने मन्त्रालयको तयारी छ ।

यस्तै, स्वास्थ्य सेवा निर्देशनालय कर्णाली प्रदेशका निमित्त निर्देशक मानकुमारी गुरुङले प्रदेश सरकारद्वारा महत्वका साथ अघि बढाइएको कार्यक्रममा ४० कटेका महिला तथा पुरुषमा नसर्ने रोगको जोखिम कम गर्न स्वास्थ्य परीक्षण प्रभावकारी हुने विश्वास व्यक्त गरिन् । नेपालमा नसर्ने रोगहरु दुईतिहाइले बढ्दै गएको उल्लेख गर्दै उनले यसबाट कर्णाली पनि अछुतो नरहेको बताइन् । विशेषज्ञ सेवा नपुगेका क्षेत्रका नागरिकको निःशुल्क स्वास्थ्य जाँच गरी अवस्था अनुसार उपचारसमेत गरिने गरुङको भनाइ छ ।

शनिबारबाट सुरू गरिएको परीक्षण ३ दिन चल्ने उल्लेख गर्दै यसपछि १० वटै जिल्लामा विभिन्न मितिमा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेको उनको भनाइ छ । कार्यक्रम सञ्चालनका लागि जिल्लामा पठाइएको १० लाख बजेटले स्क्रिनिङ सामग्री खरिद गर्ने र निर्देशालयको व्यवस्थापनमा यस वर्ष नागरिक स्वास्थ्य परीक्षणलाई बृहत् बनाइने निमित्त निर्देशक गरुङको दाबी छ । आगामी आर्थिक वर्षबाट कर्णालीका ७९ वटै स्थानीय तहसँग समन्वय गरी वडास्तरबाटै परीक्षणलाई नियमित बनाइने उनको भनाइ छ । उनका अनुसार ७९ वटै स्थानीय तहको केन्द्रमा रहेका स्वास्थ्य संस्थामा तीन दिन ४० वर्ष माथिका नागरिकहरुको स्वास्थ्य जाँच तथा परीक्षण गरिने छ ।

स्क्रिनिङपश्चात देखा परेका नयाँ बिरामीहरुको अन्तिम परीक्षण नजिकको रणनीतिक तथा आधारभूत अस्पतालमा निदान गरी बिरामीलाई औषधिको सुचिश्चिततासँगै सम्बन्धित स्थानीयका वडास्तरमा रहेका स्वास्थ्य संस्थाबाट औषधि उपलब्ध गराइने छ । कार्यक्रमअन्तर्गत प्रयोशाला नभएका स्वास्थ्य संस्थामा नमुना संकलन गरी नजिकका रणनैतिक तथा आधारभूत अस्पतालमा परीक्षणका लागि पठाइने छ। यस्तै, प्रयोगशाला भएका स्वास्थ्य संस्थामा नमुना परक्षणसँगै कैफियत देखिए उपचार गरिने छ। यस्ता स्वास्थ्य संस्थामा उपचार सम्भव नभए जटिलताका आधारमा सुविधा सम्पन्न अस्पतालमा रेफर गरिने नागरिक स्वास्थ्य परीक्षण कार्यक्रममा फोकल पर्सन किरण शर्माले बताए ।

उनका अनुसार बिरामीको जटिलता हेरेर कर्णाली प्रदेश अस्पताल र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गर्ने गरी विशिष्टिकृत अस्पताल तोकिएको छ । कार्यक्रमले उक्तरक्तचाप, मधुमेह, दीर्घ श्वाप्रश्वास, मृगौला सम्बन्धी रोग, क्यान्सरलगायत नसर्ने रोग न्यूनिकरणमा सहयोग पुग्ने अपेक्षा लिइएको शर्माले बताए ।

# प्रहरीका डीआइजीहरूको सरुवा

**काठमाडौं/मस-** नेपाल प्रहरीका प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महारीक्षक (डीआइजी) हरूको सरुवा भएको छ। गृहमन्त्रीस्तरको आइतबारको निर्णयले ७ डीआइजीहरूको सरुवा भएको हो ।




प्रहरीको कर्मचारी प्रशासन शाखाका प्रहरी उपरीक्षक (एसपी) योगेन्द्र सिंह थापाका अनुसार डीआइजी ईश्वर कार्कीलाई कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरमा सरुवा गरिएको छ।

मधेशमा उमाप्रसाद चतुर्बेदी, बागमतीमा अरुण पौडेल, गण्डकीमा दिनेश कुमार आचार्य, लुम्बिनीमा राजेन्द्रप्रसाद भट्ट, सुदूरपश्चिममा डम्बर बहादुर विक र केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी) मा गोविन्द थपलियालाई सरुवा गरिएको छ ।


**अधिकूतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

प्रकाशित मिति : २०८२/०१/२२

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको मालवस्तुहरुको खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| सि. नं. | मालवस्तुको विवरण | ब्राण्ड | मोडल | क्षमता | उत्पातिको मूलुक/राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioner | PALSONIC | CS32V3G-A20A712000 BTU | 1 Ton | China | PCS | 60,000.00 | 60,000.00 | |

ए.जि.आर इण्डस्ट्रीज प्रा.लि.
नयांबाटो, ललितपुर

स्थायी लेखा नं. ६०५९३३२७५
फोन नं. ९८०१८९९९९०



**गण्डकी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**मुस्ताङ**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः- २०८२/०१/२२**

यस कार्यालयबाट तपशिल बमोजिमको निर्माण कार्यको लागि मिति २०८१/१२/१८ मा सौर्य राष्ट्रिय दैनिकमा E-Bidding मार्फत बोलपत्र आव्हान गरिएकोमा तोकीएको म्यादभित्र E-Bidding मार्फत सम्बन्धित योजनाहरुको लागि प्राप्त बोलपत्रहरुको मूल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्रदाताको सबैभन्दा कम कबोल अंक भएको र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | योजनाको नाम | बोलपत्र नं. (Contract ID) | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अङ्क (मु. अ. कर र PS बाहेक) |
|---|---|---|---|---|
| 1 | Road Upgradation Works from Jhong to Phutak, Jharkot, Varagung Muktichhetra Ga. Pa. 02, Mustang | (IDO/MUSTANG/ NCB/W/R/14/081-82) | M/s Gurusangbo Construction & Suppliers Pvt. Ltd., KTM-01, New Baneshwor | 15,58,863.00/- |

कार्यालय प्रमुख


# पत्रकार महासंघ युरोप शाखाले मनायो विश्व प्रेस स्वतन्त्रता दिवस

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २१ वैशाख

नेपाल पत्रकार महासंघ युरोप शाखाले एक कार्यक्रमकाबीच ३२ औं विश्व प्रेस स्वतन्त्रता दिवस मनाएको छ ।




शाखाले शनिबार भर्चुअल माध्यम 'जुम'मार्फत शुभकामना आदान-प्रदान तथा अन्तरक्रिया कार्यक्रम गरेर विश्व प्रेस स्वतन्त्रता दिवस मनाएको हो ।

सो अवसरमा सहभागी वक्ताहरुले प्रेस स्वतन्त्रताको वर्तमान अवस्था र चुनौतीबारे धारणा राखेका थिए । कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव रमेश खतिवडाले विश्वभर कृत्रिम बौद्धिकताको चर्चा चलिरहँदा नेपाली पत्रकारिता भने जोखिम र चुनौतीपूर्ण ढंगबाट गुज्रनुपर्ने अवस्था रहेको भन्दै चिन्ता व्यक्त गरे ।

नेपालमा प्रेस स्वतन्त्रता उल्लंघनका घटना बढेको उल्लेख गर्दै खतिवडाले प्रवासमा रहेर पत्रकारिता गर्नु अझ कठिन र चुनौतीपूर्ण रहेको बताए ।

उनले प्रवासी नेपालीका समस्या, नेपाली समुदायका गतिविधि तथा दुई देशबीचको सम्बन्धलगायतका विषयलाई नेपालसँग जोड्दै पत्रकारितामा क्रियाशील रहन युरोपमा रहेका नेपाली पत्रकारहरूलाई आग्रहसमेत गरे ।

महासंघकी केन्द्रीय महिला सचिव सोनी शर्माले जोखिमका बीच पत्रकारिता गर्नुपर्ने बाध्यता रहेको बताउँदै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि एक भएर अघि बढ्नुपर्नेमा जोड दिइन् ।

यस्तै महासंघका केन्द्रीय कोषाध्यक्ष रामकृष्ण अधिकारीले नेपालमा पत्रकारिताको वातावरण थप जटिल र असुरक्षित बन्दै गएका कारण कसरी सुरक्षित ढंगले पत्रकारिता गर्ने भन्ने चुनौती थपिएको बताए ।

शाखाका अध्यक्ष केजीन राईको अध्यक्षता, उपाध्यक्ष राजकुमार थापाको स्वागत तथा महासचिव शेरबहादुर परियारको सञ्चालनमा सम्पन्न कार्यक्रममा शाखाका संरक्षक पञ्चम अधिकारी, उपमहासचिव असिम लोप्चन, नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य दीपक भण्डारी, मुना सुनुवारलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## कपिलवस्तुमा संरक्षित नीलगाईको शिकार, हतियारसहित युवक पक्राउ




**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २१ वैशाख

कपिलवस्तु सानो बुटहनियास्थित उखुबारीमा संरक्षित वन्यजन्तु निलगाईको अवैध शिकार गरेको आरोपमा एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा शिवराज नगरपालिका-२ का फरहान खाँन रहेका छन्।

ईलाका प्रहरी कार्यालय कृष्णनगर र प्रहरी चौकी उदरपुरको संयुक्त टोलीले स्थानीयको सहयोगमा शनिबारराति करिब १ बजे उनलाई नियन्त्रणमा लिएको हो । शिकारको क्रममा प्रयोग गरिएको बा.१७ च ८९० नम्बरको हाइलक्स गाडी, भारतीय नम्बर प्लेटको पीकअप (यूपी ५५ आर ६१७६), लु.५० प ४१२ नम्बरको मोटरसाइकल र अर्को भारतीय मोटरसाइकल बरामद गरिएको छ । प्रहरीले खाँनको साथबाट ६ थान गोली, चक्कु र अन्य शिकार सामग्री पनि फेला पारेको छ । मारिएको निलगाई, हतियार र सवारी साधनसहितका सामग्रीहरू गौतमबुद्ध डिभिजन वन कार्यालय, चन्द्रौटामा बुझाइएको छ । घटनासम्बन्धी अनुसन्धान सहायक वन अधिकृत पहलमान सेर्बुजा मगरको नेतृत्वमा अघि बढाइएको छ ।

## मदरसा शिलान्यास



**इसत्याक अहमद/मध्यान्ह**
जनकपुर, २१ वैशाख

जनकपुरधाम उपमहानगरपालिका वडा नं १७ कनकपट्टी गाउँमा मदरसाको शिलान्यास गरिएको छ। जनता समाजवादी पार्टी नेपालका नेता तथा मधेश प्रदेश सभा सदस्य रामअशिष यादवले आइतबार एक समारोहकाबीच मदरसाको शिलान्यास गरेका छन् ।

सो अवसरमा जनकपुरधाम उपमहानगरपालिका वडा नं १७ का वडाध्यक्ष रामवृक्ष यादव, निर्वतमान वडाध्यक्ष परमेश्वर यादव, संत कबिर राजेन्द्र साहेब, समाजसेवीहरु असर्फी साह, तिलेश्वर यादव,तेजनारायण यादव,विशेश्वर यादव, विन्देश्वर यादव र लक्ष्मण यादव जसपा नेपालका वडा कमिटीका अध्यक्ष दुखी यादव लगायतको उपस्थिति रहेको थियो। मुस्लिम बालबालिकाहरुलाई मातृभाषा उर्दुमा अध्ययन गर्ने उद्देश्यले मधेश सरकारको शिक्षा तथा संस्कृति मन्त्रालयको सहयोगबाट सो मदरसाको निर्माण गर्न लागिएको हो ।


**INVITATION FOR ELECTRONIC BIDS**

**Barju Rural Municipality**
**Office of Rural Municipality Executive**
**Amahibelha, Sunsari**
**Koshi Province, Nepal**

**Invitation for Bids**

**Contract Identification No: BRM/SUNSARI/NCB/WORKS/11/2081/82**
**Date of publication: 05-05-2025**

1. **Barju Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the Procurement of **Barju 5, Muslim Tol ko sadak kalopatre.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Barju Rural Municipality, Amahibelha, Sunsari. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** NIC Asia Bank Limited. Barju Branch
   **Name of Office:** Barju Rural Municipality
   **Office Code no. :** 801011410
   **Office Account no.: 2432050027873004**
   **Rajaswa (revenue) Shirshakno.:** AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA
4. Pre-bid meeting shall be held on 25-05-2025 14:00 at Barju Rural Municipality Office
5. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM,** 04-06-2025 at the office of Barju Rural Municipality Amahibelha, Sunsari. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for **30 days** beyond the validity period of the bid. Or cash deposit the bid security amount.
   **Name Of the bank :** NIC Asia Bank Limited.
   **Name of Office:** Barju Rural Municipality
   **Office Code no. :** 801011410
   **Office Account no.: 243CA50017628005**
   **Account Name : DHARAUTI KHATA-BARJU GAUNPALIKA**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bid without assigning any reason, whatsoever.

| S. N. | Name of Project | Contract Id. No. | Total Estimate Amount NRs Exclusive Vat And Contingencies | BidSecurity Amount NRs. | Bid Document Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1 | Barju 5, Muslim Tol ko sadak kalopatre | BRM/SUNSARI/NCB/ WORKS/11/2081/82 | 7087989.75 | 2,00,000.00 | 3,000.00 |

**Chief Administrative Officer**

# ५ जेठदेखि डोल्पाका यार्सा पाटनमा यार्सा संकलन गर्न पाइने

**मध्यान्ह संवाददाता**
डोल्पा, २१ वैशाख

डोल्पाका यार्सा पाटन जेठ ५ गतेदेखि खुला गरिने भएको छ। आइतबार डोल्पा सदरमुकाम दुनैमा जिल्ला समन्वय समितिका प्रमुख श्याम बहादुर रोकायाको अध्यक्षतामा बसेको जिल्लाको सर्वदलीय सर्वपक्षीय बैठकले जिल्लाका सबै यार्सापाटनहरु जेठ ५ गते आम संकलकहरुका लागि खुला गर्ने निर्णय गरेको हो। शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज र डिभिजन वन कार्यलय तथा डिभिजन वन कार्यलयको आयोजनामा बसेको बैठकले यार्सा पाटन खोल्नेदेखि संरक्षण र व्यवस्थित गर्नेसम्मका विभिन्न निर्णय गरेको छ।



डोल्पा जिल्लाका सयौं बुकी पाटनहरुमा पाइने बहुमूल्य जडिबुटी यार्सागुम्बा संकलनका लागि एक महिनाको समयावधि तोकेर सर्वासाधारणका लागि हरेक वर्ष खुला गरिन्छ। जेठको ५ गते खुला हुने यार्सा पाटनहरु असारको ५ गते पुनः बन्द हुने गर्छन्। तर यार्सा पाउने समय अलि पछिसम्म रहेमा डिभिजन वन र निकुञ्जको नियमानुसार हेरेफेर हुने गरेको छ। वैशाखको मध्यदेखि नै यार्सागुम्बा टिप्न मानिसहरु लुकेरै पाटन जाने गरेकाले यो वर्ष चोरी गर्नेहरुलाई नियन्त्रण गर्न निकुञ्ज क्षेत्र र मध्यवर्ती क्षेत्रका पाटनहरुमा कडा सुरक्षा व्यवस्था गरिएकाले यो वर्ष यार्सा चोरी कम हुने निकुञ्जको दावी छ।

यार्सा पाटनहरु सर्वसाधारणका लागि खुला गर्नु पूर्व नै चोरी हुने भएकोले वन र निकुञ्ज दुवै निकायले सुरक्षा व्यवस्थामा कडाइ गरेको हो। जेठ ५ गते डोल्पा जिल्लाका सबै यार्सा पाटन खुला हुनेछन् र यार्सा संकलकले उक्त एक महिनाको समयमा सबै पाटनहरुमा प्रवेश शुल्क काटेर यार्सा संकलन गर्न पाउनेछन्। निकुञ्ज क्षेत्रका वन प्रवेशका लागि शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जले प्रवेश शुल्क लिने छ भने मध्यवर्ती क्षेत्रका सामुदायिक वनहरुले सेवा शुल्क वापतको छुट्टै शुल्क लिन पाउनेछन्।

शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा निकुञ्जको कोर क्षेत्र र मध्यवर्ती क्षेत्रका नागरिकले रु ५ सय, डोल्पा जिल्लाभित्रका नागरिकले रु २ हजार र जिल्ला बाहिरका नागरिकले रु ३ हजार प्रवेश शुल्क तिरेर मात्र वन प्रवेश गर्न पाउनेछन्।

यसरी लिएको प्रवेश अनुमति पत्र रसिदबट सबै वन क्षेत्रमा यार्सा संकलन गर्न पाउनेछन्, तर एक सामुदायिक वनबाट अर्को सामुदायिक वनमा यार्सा संकलनका लागि प्रवेश गरेमा उक्त सामुदायिक वनले संकलकबाट सेवा शुल्क वापतको छुट्टै ५ सय रकम लिन पाउने छ। डिभिजन वन अन्तर्गतका यार्सा पाटनहरुमा भने सामुदायिक वनले प्रवेश शुल्क लिने गरेका छन्।

# २ जिल्लाका पत्रकारलाई तालिम



**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
प्यूठान, २१ वैशाख

लुम्बिनी प्रदेशअन्तर्गत २ जिल्लाका पत्रकारहरूलाई समाचार लेखन र न्यु मिडियासम्बन्धी तालिम दिइएको छ।

लुम्बिनी प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आर्थिक सहयोग तथा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशको आयोजनामा आइतबारदेखि प्यूठानको स्वर्गद्वारी नगरपालिका-३ जुलकेमा तालिम सुरू भएको हो।

तालिममा रोल्पा र प्यूठान जिल्लामा कार्यरत ३० जनाभन्दा बढी क्रियाशील पत्रकारहरूको सहभागिता रहेको छ। समाचार लेखन र न्यु मिडियासम्बन्धी तालिम सुरू गरिएको नेपाल पत्रकार महासंघ लुम्बिनीका उपाध्यक्ष रामप्रसाद आचार्यले जानकारी दिए। तालिममा चेतन अधिकारी र माधव अर्याललगायतले प्रशिक्षण दिनेछन्।

# सवारी दुर्घटनामा बाबु-छोरीको मृत्यु



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ वैशाख

रौतहटको चन्द्रपुर ४ मा सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा गरूडा नगरपालिका-२ गेडही गुठ्ठीका ६० वर्षीय बलिराम सहनी तथा उनकी छोरी ४० वर्षीया उर्मिला देवी रहेका छन्।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायव उपरीक्षक राजकुमार राईका अनुसार आइतबार बिहान मोटरसाइकल तथा कार एकआपसमा ठोक्किएर दुर्घटना हुँदा उनीहरूको मृत्यु भएको हो। दुर्घटनामा परी घाइते भएका दुबै जनाको उपचारका क्रममा मृत्यु भएको उनले बताए। बुबा बलिरामको चन्द्रपुरस्थित हाइवे ट्रमा सेन्टर र छोरी उर्मिलाको एलएस न्यूरो हस्पिटल बारामा मृत्यु भएको उनले बताए। उनीहरु सवार ना ३ प ९५१२ नम्बरको मोटरसाइकललाई बा ६ च ३५२६ नम्बरको कारले ठक्कर दिएको थियो। दुर्घटनापछि कार चालक प्रहरी नियन्त्रणमा रहेको उनले बताए।

# ब्रह्मस्थान तथा हनुमान मन्दिरको शिलान्यास

**रौतहट/मस**-राजपुर नगरपालिका ५ मा अवस्थित ब्रह्मस्थान तथा हनुमान मन्दिर र माथिल्लो भागको गुम्बजको शिलान्यास गरिएको छ। जनमत पार्टीका नेता मो. आलम (बाबू साहेब)ले ब्रह्मस्थान तथा हनुमान मन्दिर र माथिल्लो भागको गुम्बजको शिलान्यास गरेका हुन्।

करिब १६ लाख रुपैयाँ लागतमा निर्माण कार्य सम्पन्न गरिने उपभोक्त समितिका अध्यक्ष श्याम बाबू साहले जानकारी दिए। मन्दिर पुनर्निर्माण हुने खबरले राजपुर नगरपालिकाका स्थानीयहरुमा उत्साह छाएको छ।

शिलान्यास कार्यक्रममा जनमत पार्टीका नगर इन्चार्ज मो. जमिलउल्लाह, शेख रहुलहक, पूर्व नगर इन्चार्ज शेख फेराज, युवा नेता शेख नसिम, राम बाबू ठाकुर, लखिन्द्र साह, रमेश जैसवाल, रामलगन पण्डितलगायतका नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो। कार्यक्रम संचालन लोकनाथ ठाकुरले गरेका थिए।

## लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०१/२२**

यस सा.व.उ.स. बाट संकलित खयर काठ ६६४.८० क्यू फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सूचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**जरम सा.वन उपभोक्ता समूह**
**देवघाट २, तनहूँ।**

## लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०१/२२**

यस सा.व.उ.सबाट संकलित खयर काठ १२०१.३८ क्यू फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सूचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**पालेथुम्की सा.वन उपभोक्ता समूह**
**देवघाट २, तनहूँ।**

## मोटरसाईकल हराएको सूचना

मिति २०८२/०१/१९ गते अन्दाजी बेलुका ७:५४ बजेको समयमा ललितपुर जिल्ला महालक्ष्मी न.पा.वडा नं.६ सानागाँउ स्थित ईन्द्रेणी फुड स्टीक रेष्टुरेन्टको अगाडी पार्किङ गरी राखेको बा.प्र. ०२-०५२ प ८९४९ नम्बरको कालो रङको 199.5cc Pulsar NS 200 मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला।

**सवारी धनी** : युमन भट्ट
**च्यासिस नं.**: MD2A36FX9RCE97741
**इन्जीन नं.**: JLXCRE86149
**सम्पर्क** : ९८१५२९४८५८

## काठ बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/१/२२**

यस सा.व.उ.स. ले नियमानुसार संकलन, ग्रेडिङ र घाटगद्दि गरि राखेको लट नम्बर १ को खयर जातको थान २०१ को परिमाण ३२०.५२ क्युफिट काठ समूह बाहिर बिक्री वितरण गर्नु पर्ने भएकाले सुचिकृत समिल/उद्योगलाई प्रकाशित मितिले २१ दिन भित्र गोप्य शिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। थप जानकारी समूहको कार्यालयको सूचना पाटी हेर्नुहोला।

**श्री हिमचुलि सा.व.उ.स.**
**चौदन्डिगढी नपा-१ उदयपुर**


## MALAYSIA मा रोजगार

कम्पनी: ALLSAFE GUARDS SDN BHD — शहर: PETALI
पूर्व स्वीकृत मिति: २०८२/०१/२० — चलानी नं.: ६०२३६८२७ — LT. No.: 322840

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1700 | ५३,८७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ वैशाख २९ गते (12 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामको विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**अक्टोपस ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. १०१४/०६८/०६९
राजाजनक मार्ग-३२, तिनकुने, काठमाडौं, नेपाल, फोन : ४११२१४२, ४११२१४५
E-mail: octopusoverseas1@gmail.com, Web.: www.octopusoverseasnepal.com

## युरोप देश साइप्रसमा वैदेशिक रोजगारको सुनौलो अवसर

कम्पनी: D.I. MAIN-LINE JOB AGENCY

पूर्व स्वीकृत मिति: २०८१/१२/०४ — चलानी नं.: ६०२३४६६९ — LT. No.: 320557 — शहर: Limassol — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | EMPLOYEE | 19 | 0 | स. काममा दक्ष | 700 | १०७,२५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०८१/१०/०६ — चलानी नं.: ६०२३१५४० — LT. No.: 317365 — शहर: Limassol — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 5 | 0 | सम्बन्धित काममा दक्ष | 700 | १०७,२५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factory Worker | 2 | 0 | | 670 | १०२,६५७ | | | | | | | |
| 3. | Sales Girl | 0 | 3 | | 750 | ११४,९१५ | | | | | | | |

पूर्व स्वीकृत मिति: २०८१/०२/२७ — चलानी नं.: ६०२२०७७० — LT. No.: 306044 — शहर: Limassol — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HOUSEKEEPING | 0 | 8 | स. काममा दक्ष | 700 | १०७,२५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०८१/१०/०६ — चलानी नं.: ६०२३१५३९ — LT. No.: 317364 — शहर: Limassol — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 9 | स. काममा दक्ष | 850 | १३०,२३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०८१/०३/१९ — चलानी नं.: ६०२२१८७६ — LT. No.: 307197 — शहर: Limassol — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 8 | 0 | स. काममा दक्ष | 1000 | १५३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०८१/०३/१९ — चलानी नं.: ६०२२१८७५ — LT. No.: 307196 — शहर: Limassol — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters | 1 | 5 | स. काममा दक्ष | 1000 | १५३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाण्डौमा मिति २०८२ वैशाख २९ गते (12 May 2025) मा हुनेछ।
अन्तर्वार्ता मेनपावर शाखा कार्यालय, पोखरा सिर्जनाचोकमा मिति २०८२ वैशाख ३० गते (13 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ८०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामको विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**LANGTANG OVERSEAS PVT.LTD.**
Govt. Lic. No.: 1643/080/081
Basundhara-03, Kathmandu, Nepal. Contact: 015903078, 014971229, 9849442132, 9802392459, 9851354196, Email - info@langtangoverseas.com, Website: www.langtangoverseas.com
Pokhara Contact : 061570074, 061570075, 9805699786, 9810124144, 9707947852

## UAE मा रोजगार

Isam Kabbani And Partners For Constructions And Maintenance Co. L.L.C. Dubai Branch
पुर्व स्वीकृती मिति: २०८२/१/२१ — चलानी नं. ६०२३६९०१ — LT No.: 322509

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Building Painter Assistant | 10 | 0 | काममा दक्ष | 1100 | ४०,६००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Building Painters | 6 | 0 | | 1300 | ४८,०००।- | | | | | | | |
| ३. | Carpenter | 6 | 0 | | 1300 | ४८,०००।- | | | | | | | |
| ४. | Construction Carpenter | 2 | 0 | | 1300 | ४८,०००।- | | | | | | | |
| ५. | Electrician - Building | 8 | 0 | | 1300 | ४८,०००।- | | | | | | | |
| ६. | Installation Welder | 7 | 0 | | 1300 | ४८,०००।- | | | | | | | |
| ७. | Metal Spray Painter | 8 | 0 | | 1300 | ४८,०००।- | | | | | | | |
| ८. | Painter | 4 | 0 | | 1300 | ४८,०००।- | | | | | | | |
| ९. | Painter Assistant | 3 | 0 | | 1100 | ४०,६००।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ वैशाख २९ गते (12 May, 2025) यस प्रा. लि. को कार्यालय एरपोर्ट, काठमाडौमा हुनेछ।

**दि हिमालयन एच. आर. प्रा. लि.** (THE HIMALAYAN HR (P) LTD.)
श्रम ईजाजत नं.: १२३२/०७४/०७५
शम्भु मार्ग, एरपोर्ट, काठमाडौं फोन.: 01-5924715, 9810149952, 9841222845, 9851013859, 9845826606, 9767272452

## Kuwait/Malaysia मा रोजगार

1. The Corn Club Catering Company, Kuwait
पुर्व स्वीकृती मिति: २०८२/०१/१९ — चलानी नं.: ६०२३६९०४ — LT No.: 322841

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Helper | 15 | 0 | काममा दक्ष | 120 | ५३,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

2. Argus Shield Security Consultants Sdn. Bhd., Malaysia
पुर्व स्वीकृती मिति: २०८२/१/२१ — चलानी नं. ६०२३६९०२ — LTNo. : 322711

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security | 15 | काममा दक्ष | 1700 | ५४,२००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

3. Falcon Eye Security Sdn. Bhd., Malaysia
पुर्व स्वीकृती मिति: २०८२/१/२१ — चलानी नं. ६०२३६९०३ — LTNo. : 322709

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security | 42 | काममा दक्ष | 1700 | ५४,२००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | [illegible] |

अन्तरवार्ता २०८२ वैशाख २९ गते (12 May, 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ।

**Gulf Star Overseas Pvt. Ltd.** "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com

## साउदीमा रोजगार

कम्पनी: ABDULLAH SULTAN ABDULLAH AL-MOAJIL TRADING ESTABLISHMENT — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०१/२१ — चलानी नं.: ६०२३६९१२ — L.T. No.: 322673

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing& Packaging Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Worker/Packer | 1 | 0 | | 1500 | ५४,०१५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ वैशाख २९ गते (12 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**SYNNET INTERNATIONAL PVT.LTD.**
Kupondol-10, Lalitpur, Tel: 01-5545018 — Gov. Lic No. 206/057/058

## युएईमा रोजगार

कम्पनी : Crescent Marine engineering Co. L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/१९ — चलानी नं.: ६०२३६९४८ — LT. No.: 322966

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder(GTA W) 3G/4G/6G | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,१२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Structural Fabricator | 3 | 0 | | 1200 | ४४,१२४ | | | | | | | |
| 3. | Helper | 1 | 0 | | 1000 | ३६,७७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ वैशाख २९ गते (12 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**इलान इन्टरनेशनल प्रा. लि.**
Govt. Lic. No. 204/057/058
सामाखुसी, रिङरोड, काठमाडौं, फोन: ४३८८४९३, ४३५७८५२, ४३८७८१५, फ्याक्स: ४३५२४४३
Email: elaninternational204@gmail.com, Web.: www.elaninternational.com.np

## साउदीमा रोजगार

कम्पनी: DANA AL ANDALUS INDUSTRY COMPANY ONE PERSON — शहर: JUBAIL
पूर्व स्वीकृत मिति: २०८२/०१/२० — चलानी नं.: ६०२३६९२१ — LT. No.: 322832

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Load And Unload | 2 | 0 | स. काममा दक्ष | 1000 | ३६,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ वैशाख २९ गते (12 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोवाईल : ९८०१०३०५५५ फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

## साउदीमा रोजगार

कम्पनी: JACR FOR PETROLEUM AND INDUSTRIAL SERVICES LLC — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८२/०१/२० — चलानी नं.: ६०२३६८८८ — LT. No.: 323016

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver/Forklift Operator | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Load unload Worker | 2 | 0 | | 1000 | ३६,०१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ वैशाख २९ गते (12 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 — ISO 9001 : 2015

## MALAYSIA मा रोजगार

कम्पनी : ENG LEAN HENG POULTRY FARM SDN.BHD.
पूर्व स्वीकृत मिति: २०८२/०१/१९ — चलानी नं.: ६०२३६८७० — LT. No.:322771

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 45 | 0 | स. काममा दक्ष | 1700 | ५३,८७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ वैशाख २९ गते (12 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

**M.B. Human Resource Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १५०४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 4016801, Fax : 4016804 | E-mail : admin@mbmanpower.com.np
Web.: www.mbmanpower.com.np | Mobile No.: 9849362405 / 9851168891 / 9841374012 / 9814067324

## साउदीमा रोजगार

कम्पनी: FARIS NASSER BIN FALAH AL-SHAHRANI CARS EST — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०१/२० — चलानी नं.: ६०२३६९५२ — L.T. No.:322941

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Wash Helper | 2 | 0 | स. काममा दक्ष | 1200 | ४३,२१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ वैशाख २९ गते (12 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**R.P. International Consultancy P. Ltd**
श्रम इजाजत नं. ४८१/०६१/०६२
Bishalnagar Chowk, Kathmandu, Nepal -Tel: 977-1-4443699, Fax: 977-1-4435847
Email: rpiconsultancy2005@gamil.com, Web.: www.rpinternational.com.np

## Jordan मा रोजगार

कम्पनी: ORIENT FOR RECRUITING NON JORDANIANS DOMESTIC WORKERS — शहर: Jordan
पूर्व स्वीकृत मिति: २०८२/०१/१९ — चलानी नं.: ६०२३६८८६ — LT. No.: 322786

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब USD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic worker/housemaid | 0 | 49 | सम्बन्धित काममा दक्ष | 300 | ४०,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Secretary | 0 | 1 | | 400 | ५४,०१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ वैशाख २९ गते (12 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**मेनपावर लिंक प्रा. लि.**
श्रम इजाजत नं. ३५०/०५९/०६०
उमंगटोल, मन्डीखटार, बुढानिलकण्ठ-८, काठमाडौं, फोन : ०१-४३७५४१८, Email: info@manpowerlink.com

## यूएईमा रोजगार

कम्पनी :ELMACS CO. LLC — शहर :UAE,DUBAI
पूर्व स्वीकृत मिति: २०८०/१२/१८ — चलानी नं.: ६०२१७७२५ — LT. No.: 302775 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer/Construction Worker | 26 | 0 | स. काममा दक्ष | 800 | २९,४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ वैशाख २९ गते (12 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**Om International Human Resources Pvt. Ltd.**
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145

# राष्ट्रिय मुस्लिम समन्वय समितिले संसदीय समितिका सभापतिलाई बुझायो ज्ञापनपत्र

**इसत्याक अहमद/मध्यान्ह**
काठमाडौं, २१ वैशाख

राष्ट्रिय मुस्लिम समन्वय समितिले विभिन्न माग राख्दै प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा र शिक्षा समितिका सभापति अम्मरबहादुर थापालाई ज्ञापनपत्र बुझाएको छ । समितिले आइतबार विद्यालय शिक्षा विधेयकमा मदरसा, गुरुकुल र गुम्बा शिक्षाका विविध विषय समावेश गरि नुपर्ने भन्दै ज्ञापनपत्र बुझाएको हो ।

